# वर्गदृष्टि

Bargadristi Weekly

साप्ताहिक

वर्ष ४ अङ्क १५ पूर्णाङ्क १६० | २०७६ कार्तिक २५ गते सोमबार | Monday, 11 Nov., 2019 | पृष्ठ ८ | मूल्य रु. १०।-


## क्रान्तिकारी माओवादीसम्बद्ध लेखक, प्राध्यापक, बुद्धिजीवी पत्रकारहरूले गरे विस्तारवादी हस्तक्षेपको प्रतिरोधमा उत्रन अपिल

काठमाडौं । नेपालको कालापानी क्षेत्र भारतको नक्सामा गाभी जारी गरेको नयाँ राजनीतिक नक्सा भारत सरकारले जारी गरेपछि त्यसको विरोधमा देशव्यापी अहिले आन्दोलन उठिरहेको छ । राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डतामाथि भारतको विस्तारवादी हस्तक्षेपका विरुद्ध स्वाभिमानी नेपालीहरू अहिले सडकमा उत्रिएका छन् । यसै क्रममा नेकपा (क्रान्तिकारी माओवादी) सम्बद्ध लेखक, पत्रकार, बुद्धिजीवी, प्राध्यापक, शिक्षक, जनसाँस्कृतिकर्मीहरू समेत आन्दोलित भएका छन् । उनीहरूले शनिबार एक संयुक्त वक्तव्य जारी गर्दै भारतीय विस्तारवादी अतिक्रमण र हस्क्षेपको प्रतिरोधमा उत्रन सम्पूर्ण लेखक, पत्रकार, बुद्धिजीवी, प्राध्यापक, साहित्यकार, कलाकारलगायत सम्पूर्ण सच्चा देशभक्त जनसमुदायलाई हार्दिक अपिल गरेका *बाँकी ८ पेजमा*

### भारतीय विस्तारवादी अतिक्रमणको चौतर्फी प्रतिरोध

# क्रान्तिकारी माओवादी तथा देजमोद्वारा देशैभर विरोध प्रदर्शन



*भारतद्वारा अतिक्रमित नेपाली भूमि*

काठमाडौं । नेपाली भूभागमाथि भएको भारतीय अतिक्रमणको नेपाली जनताले बारम्बार विरोध एवम् प्रतिरोध गर्दै आएका छन् । पछिल्लो पटक नेपालको लिम्पियाधुरा-कालापानी-लिपुलेक क्षेत्र भारतले आफ्नो भूभागको रूपमा गाभेर नयाँ राजनीतिक नक्सा जारी गरेपछि भारतीय विस्तारवादको यो हस्तक्षेपको चौतर्फी रूपमा प्रतिरोध भइरहेको छ । सडक, सदन र सरकार गरी तीनवटै मोर्चाबाट भारतीय हस्तक्षेपको प्रतिरोध भइरहेको छ ।

सच्चा देशभक्त, वामपन्थी तथा क्रान्तिकारी शक्तिले निरन्तर जनदबाब बढाएपछि यस विषयमा नेपाल सरकार पनि बोल्न बाध्य भएको छ । सरकारले शनिबार मात्र संसदमा प्रतिनिधित्व गर्ने दलहरूको बैठक बसी पूर्व मन्त्री तथा प्रधानमन्त्रीहरूबाट समेत सुझाब लिएको छ । सरकारले सो सम्बन्धमा कुटनीतिक हिसाबले भारतीय विस्तारवादी शासकहरूसँग कुरा गर्ने जनाएका छन् । कुटनीतिक तबरले भारतले नक्सा सच्याउन तयार भएन भने विषयलाई अन्तर्राष्ट्रियकरण गर्नु पर्ने र आवश्यक परे विदेशी मित्र शक्तिहरूको समेत सहयोग लिनुपर्ने सुझाबहरू पनि सरकारलाई दिइएको छ ।

प्रधानमन्त्रीले ओलीले बोलाएको सर्वदलीय सर्वपक्षीय बैठकले लिम्बियाधुराको *बाँकी ४ पेजमा*

## क्रान्तिकारी विद्यार्थीहरूले जलाए मोदीको पुत्ला



काठमाडौं । भारतीय विस्तारवादी हस्तक्षेपका विरुद्ध क्रान्तिकारी विद्यार्थीहरू पनि सडकमा उत्रिएका छन् । मोहन वैद्य‘ किरण’ नेतृत्वको नेकपा (क्रान्तिकारी माओवादी) निकट *बाँकी ८ पेजमा*

## प्रहरी हस्तक्षेपको प्रतिरोध गर्दै देजमो चितवनले गऱ्यो विरोध प्रर्दशन र मोदीको पुत्लादहन



चितवन । भारतीय विस्तारवादी सत्ताले नेपालको कालापानी, लिपुलेक र लिम्पियाधुरा लगायतको भुमि अतिक्रमण गरेको विरोधमा नेकपा (क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल चितवन जिल्ला समितिले प्रहरी हस्तक्षेपको प्रतिरोध गर्दै विरोध प्रदर्शन गरेको छ । भारतीय विस्तारवाद र *बाँकी ८ पेजमा*

*विस्तारवादी नक्साको विरुद्ध सुर्खेतमा देजमोको विरोध ऱ्यालीसहित कोणसभा सम्पन्न*

## राष्ट्रिय स्वाधीनताका लागि हामी रगतको खोला बगाउन तयार छौं: सीपी शर्मा




● जितेन्द्र थापा

सुर्खेत । भारतले हाले सार्वजनिक गरेको नक्सामा नेपाली भूमी गाभिएको विरोधमा नेकपा *बाँकी ८ पेजमा*

### *क्रान्तिकारी माओवादी भक्तपुरको सातौं जिल्ला सम्मेलन भव्य रूपमा सम्पन्न*

## विचार र राजनीतिमा क्रान्तिकारी माओवादी सबैभन्दा अगाडि भएको पुष्टि: क.गौरव

भक्तपुर । नेकपा (क्रान्तिकारी माओवादी) भक्तपुरको जिल्ला सम्मेलन शनिबार भव्य रूपमा सम्पन्न भएको छ । ‘संसदीय व्यवस्थाको भ्रममा नपरी नयाँ जनवादी क्रान्तिको तयारी गरौं, नेकपा (क्रान्तिकारी माओवादी) भक्तपुरको सातौ जिल्ला सम्मेलन सफल पारौं’ भन्ने मूल नाराका साथ सम्पन्न सम्मेलनलाई सम्बोधन गर्दै सम्मेलनका प्रमुख अतिथि तथा क्रान्तिकारी माओवादीका स्थायी समिति सदस्य एवम् मध्यब्यूरो इन्चार्ज सीपी गजुरेल‘गौरव’ले विचार र राजनीतिमा क्रान्तिकारी माओवादी सबैभन्दा अगाडि रहेको पुष्टि भएको दावी गर्नुभयो ।



नेपालको नक्साबाट कालापानी र लिपुपेक गायब पारिएको विषय क्रान्तिकारी माओवादीले धेरै अगाडिदेखि उठाउँदै आएको भन्दै नेता गौरवले भन्नुभयो, ‘ अहिले बल्ल मिडियामा आयो र छायो ।’ नेता गौरवले देशमा विद्यमान राष्ट्रियता, जनतन्त्र र जनजीविकाका आधारभूत समस्याको समाधान गर्न पनि नयाँ जनवादी *बाँकी ४ पेजमा*

## भारतीय दूताबासकै अगाडि क्रान्तिकारी विद्यार्थीहरूले जलाए भारतको नक्सा



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल क्रान्तिकारी लगायतका विद्यार्थी संगठनहरूले भारतीय लैनचौरस्थित भारतीय दूताबास अगाडि नै भारतको नक्सा जलाएका छन् । नेपालको कालापानी-लिपुलेक-लिम्पियाधुरा लगायतको भूभाग आफ्नो नक्सामा गाभेर जारी गरेको भारतीय नक्साको विरोधमा भारतीय दूताबास घेराउ गर्न गएका क्रान्तिकारी विद्यार्थीहरूले भारतीय नक्सा जलाएका हुन् । सो क्रममा उनीहरूले भारतीय विस्तारवाद मूर्दावाद भन्दै भारत विरोधी चर्का नारा समेत *बाँकी ८ पेजमा*

## सीमा अतिक्रमणको विरोधमा कञ्चनपुरमा पनि क्रान्तिकारी माओवादीको विरोध प्रदर्शन

कञ्चनपुर । भारतीय विस्तारवादद्वारा नेपालीभूमिमाथि गरेको अतिक्रमणको विरोधमा क्रान्तिकारी माओवादी देशव्यापी आन्दोलित बनेको छ । बिहीबार क्रान्तिकारी माओवादी कञ्चनपुरको आयोजनामा विरोध प्रदर्शन गरेको छ । भारतीय विस्तारवादले गरेको सीमा अतिक्रमणका विरुद्धमा कैलाली, काठमाडौं उपत्यका, चितवन, नवलपरासी लगायतका विभिन्न ठाउँमा क्रान्तिकारी माओवादीले विरोध प्रदर्शन गरेको छ ।

बिहीबार क्रान्तिकारी माओवादी कञ्चनपुरले पुरानो जिल्ला प्रशासन कार्यालय नजिकबाट निकालेको विरोध ऱ्याली बजार परिक्रमा गरी महेन्द्रनगरको मदनचोकमा पुगेर कोणसभामा परिणत भएको थियो । कोणसभालाई सम्बोधन गर्दै पार्टीका केस तथा जिल्ला इन्चार्ज हरि सुदेदीले सरकारको लाचारीपनले पटक *बाँकी ४ पेजमा*

## भारतद्वारा सीमा अतिक्रमण एवं कथित राष्ट्रवाद र राष्ट्रघातको अन्तरसम्बन्ध

*अहिलेसम्म नेपालको राज्यसत्ताको बागडोर सम्हाल्न पुगेका सबै पक्ष र तत्वहरुले आफ्नो सत्ता र निहित स्वार्थ रक्षा र उद्देश्य पूर्तिका लागि भारतीय सत्ता र शासक वर्गको चाकरी र दलाली गर्नमा प्रतिस्पर्धा नै गर्दै आएका छन्*



● परि थापा ●

भारत सरकारले त्यहांको संवैधानिक प्रावधानको (धारा ३७०) अनुसार जम्मू तथा कश्मीर राज्यलाई प्रदान गर्दै आएको विशेषाधिकारको (५ अगस्त, २०१९ मा) खारेजी गरेको करिब तीन महिना पछि आएर आफ्नो देशको नयां राजनीतिक नक्साङ्कन गरेर सार्वजनिकरूपमा प्रकाशमा ल्याएकोछ। उक्त नयां नक्सामा नेपालको कालापानी, लिपुलेक र लिम्पीयाधुरा समेतको भू(भाग (३७२ वर्ग किलोमीटर) समावेश गरेर बनाईएकोछ। यसरी भारतीय सत्ताले आफ्नो विस्तारवादी नीति र मिचाहा प्रवृत्तिलाई फेरि एक पटक नाङ्गोरूपमा उदाङ्ग पारेकोछ। भारतीय सत्ताले अहिले गरेको यस्तो हर्कत कुनै नौलो परिघटना नभएर पुनरावृत्ति मात्र भएको हो। त्यसको शुरुवात सुगौलि सन्धि (सन १८१६) देखि भएको थियो र अहिले सम्म कायम रहेकोछ। भारत सरकारको त्यस प्रकारको कार्यको छिमेकी पाकिस्तानले बिरोध गरिसकेकोछ। नेपालमा राजनीतिक पार्टीहरू र जनस्तर बाट समेत व्यापक बिरोध आएपछि सरकार *बाँकी ६ पेजमा*

## सम्पादकीय

# विस्तारवादको प्रतिरोध

भारतले ५६ वर्ष अगाडिदेखिको विवादित नेपालको भूमि औपचारिक रूपमा आफ्नो नक्सामा गाभेपछि अहिले चौतर्फी रूपमा विरोध भइरहेको छ । सामान्य विरोध प्रदर्शनदेखि भारतीय विस्तारवादी शासक नरेन्द्र मोदीको पुत्लादहन र भारतीय नक्सा जलाउनेसम्मका कार्यक्रमहरू भएका छन् । यसपटक राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको विषयमा राष्ट्रिय सहमति जस्तो देखिएको छ । सडक, सदन र सरकार तीनवटै मोर्चाबाट भनिएको छ- लिम्पियाधुरा-कालापानी-लिपुलेक- हाम्रो हो । राष्ट्रवादी जनताको विशाल संख्यालाई देखाउनकै लागि भएपनि यसपटक सत्तापक्ष, प्रतिपक्ष सबै राष्ट्रवादी देखिए र विरोधको स्वर उराले । तर नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले भनेझैं तीनवटै मोर्चा कब्जा गरेर संसदवादी तथा दलाल पुँजीपति वर्गले वास्तविक देशभक्त, वामपन्थी तथा क्रान्तिकारी तप्कालाई ओझेलमा पार्ने र जनतालाई भ्रमित पार्न खोजेको पनि देखिन्छ । साखगरी आमूल परिवर्तनकारी शक्तिहरूले बोक्ने एजेण्डाहरू नै उनीहरूले उठाइदिएर जनतामा भ्रम छर्ने र क्रान्तिकारी शक्तिलाई अलगावमा पार्ने ती शक्तिहरूको रणनीति जस्तो पनि देखिन्छ । सतही रूपमा भएपनि यो पटक भारतले राष्ट्रिय स्वाधीनताको सवालमा आम सहमति तथा राष्ट्रिय एकता जस्तो जुन स्थिति पैदा हुन पुगेको छ, यसलाई सकारात्मक रूपमा लिनु पर्दछ । तर नेपालको सरकार जुन रूपमा प्रस्तुत हुनु पर्ने हो त्यो रूपमा प्रस्तुत भएको छैन । क्रान्तिकारी माओवादीका महासचिव किरणले भनेझैं सत्तासीन शासकहरूमा विस्तारवादपरस्त दलाल चरित्र हावी रहेकै कारण उनीहरूले भारतीय शासकहरूसँग अडान राखेर कुरा गर्न सकिरहेका छैनन् । जनस्तरमा यति ठूलो विरोध हुँदै गर्दा भारतीय राजदूतलाई बोलाएर स्पष्टीकरण लिनुपर्ने, तत्कालै भारतीय समकक्षीसँग प्रधानमन्त्रीले फोन गर्नुपर्ने तथा विभिन्न संयन्त्रमार्फत् उच्चस्तरीय कुटनीतिक पहल अगाडि बढाउनु पर्ने हो तर परराष्ट्र मन्त्रालयमार्फत् एउटा बेनामे झारा टार्ने खालको वक्तव्य जारी गर्ने भन्दा अरु केही भूमिका देखिएन । जनदबाब बढ्दै गएपछि ओली सरकारले संसदमा प्रतिनिधित्व गर्ने दलहरू, पूर्व प्रधानमन्त्री तथा परराष्ट्रमन्त्रीहरूसँग छलफल आयोजना गरी परामर्श गरेको छ र सबैको सुझाब अनुसार भारतीय शासकवर्गसँग कुटनीतिक पहल अगाडि बढाउने जनाएको छ । तर सरकारको विगतको रवैया हेर्दा फेरि पनि प्रभावकारी रूपमा कुटनीतिक पहल अगाडि बढाइने र अतिक्रमित भूमि फिर्ता गराउने विषयमा जनताले विश्वास गर्न सकिने ठोस आधार देखिन्न । यसर्थमा स्वाभिमानी नेपालीसँग संघर्षको विकल्प छैन ।

उपनिर्वाचनको चटारोमा रहेका संसदवादी दलहरूका लागि राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताभन्दा पनि उपनिर्वाचन प्रमुख बन्दै गएको देखिन्छ । उनीहरू चुनावी दौडधूपमा लागेका छन् । सडकमा स्वाधीनताको नारा जुलुस लगाउनेहरू चुनावी प्रचार प्रसारमा दौडिन थालेका छन् । देशव्यापी उठेको स्वाधीनताको आन्दोलन विस्तारै सेलाउँदै पनि जान थालेको हो कि भन्ने आभाष जनताले गर्न थालेका छन् । स्टिलको थालजसरी चाँडै तात्ने र चाँडे सेलाउने, विना योजना तथा कार्यक्रमको आन्दोलन लामो समयसम्म टिक्न सक्दैन र त्यसले केही हासिल पनि गर्न सक्दैन । वास्तवमा असली राष्ट्रवादी भनेका कम्युनिस्ट क्रान्तिकारी नै हुन्छन् । तसर्थ, राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई सही दिशाबोध गर्न कम्युनिस्ट क्रान्तिकारी शक्तिले पहलकदमी लिनुपर्ने देखिन्छ । सच्चा कम्युनिस्ट क्रान्तिकारी शक्तिको नेतृत्वमा सच्चा देशभक्त तथा वामन्थी शक्तिहरूको संगठित बृहत् आन्दोलनले मात्रै नेपाललाई भारतीय विस्तारवादी हस्तक्षेप तथा प्रभुत्वबाट मुक्त पार्न सक्नेछ । यसर्थ, सच्चा देशभक्त, वामपन्थी तथा क्रान्तिकारी शक्तिले स्वाधीनताको आन्दोलनलाई अझ प्रभावकारी र निर्णायक रूपमा उठाउन विशेष ध्यान दिन जरुरी देखिन्छ । अन्यथा, जनता संसदवादी अवसरवादीहरूको भ्रममा पर्ने र स्वाधीनताको आन्दोलनलाई विना उपलब्धि विघटन गराउने खतरा रहन्छ । यस दिशातर्फ देशभक्त तथा क्रान्तिकारी शक्तिले बेलैमा विशेष ध्यान दिंदै संसदवादी अवसरवादीहरूको भ्रमलाई चिर्न तथा भण्डाफोर गर्न पनि त्यत्तिकै जरुरी छ ।


### वर्गदृष्टि र मूलबाटोको लागि लेख, रचना समाचार र विज्ञापन पठाउनेसम्बन्धी सूचना

१ लेख, रचना एक हजार (१,०००) शब्दमा नबढाइ, टाइप गरेर पत्रिकाको इमेलमार्फत पठाउन हुन अनुरोध गरिन्छ ।
२. समाचार पठाउँदा सकभर सम्बन्धित समाचार झल्कने फोटो अनिवार्य समावेश गर्नुपर्ने छ ।
३. लेख, रचना पठाउँदा शनिबार बेलुकीसम्म उपलब्ध गराई सहयोग गर्नु हुन अनुरोध छ ।
४. समाचारको हकमा आइतबारको २ बजे अगाडि उपलब्ध गराइदिनु हुन अनुरोध छ ।
५. विज्ञापनमा हुन सक्ने गल्तीलाई रोक्न विज्ञापनदाताको सहमतिमा टाइप गरेर सूचना उपलब्ध गराउने ।
६. पत्रिका प्राप्त भइसकेपछि फोन, इमेल वा एसएमएस गरेर व्यवस्थापक वा सम्पादकलाई जानकारी गराइदिनु हुन अनुरोध छ ।
७. प्रत्येक अंकको भुक्तानी उक्त महिनाको अन्तमा उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ ।

सम्पर्क नाम र फोन नम्बर
व्यवस्थापक: हुकुमबहादुर सिंह (९८५१०७६८६४)
सम्पादक: इन्द्र बहादुर राउत (९८५११३४८३०)
इमेल : bargadristi073@gmail.com

कर्णाली प्रदेश संवाददाता– दिनेश बुढा (९८६८००५८२४)



परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैँ हेर्ने र पढ्ने गरौँ ।
www.moolbato.com


# भारतले कालापानी, लिपुलेक अतिक्रमणको अर्थराजनीति

*ऐतिहासिक दस्तावेज र प्रमाणका आधारमा नेपाल, भारत र चीनबीचको सीमाविन्दुको निर्धारण गर्न महाकालीको नदीको मुहान निक्यौंल गर्न आवश्यक भएकोले सो काममा नेपाल–भारत चीन त्रिपक्षीय सहमतिका लागि तीनवटै सरकारलाई एकै टेबुलमा राखी वार्ताद्धारा सीमाना निक्यौंल गर्ने गराउने पहल नेपाल सरकारले गर्नु पर्दछ । साथै महाकालीको मुहानदेखि दोभानसम्म सम्पूर्ण पश्चिमी सीमाको वैज्ञानिक सीमांकन अविलम्ब गराउनु पर्दछ*



● सीताराम तामाङ ●

१) **भूमिका :**

● देशभक्त नेपालीहरूले नेपालको भूभाग हो भनी दावी गर्दै आएका लिम्पियाघुरा उद्धम भएको कालीनदी पूर्वका कुटी, नाभी, गुञ्जी, टिङ्कर र लिपुलेक भञ्ज्याङ नेपालको सरकारी नक्सा भन्दा बाहिर पर्छन् ।

● सन् १९६२ देखि कालापानी क्षेत्रमा भारतीय फौजी क्याम्पहरू रहिआएका छन् ।

● सन् २०१५ मे १५ (वि.सं. २०७२ जेष्ठ १) मा भारतीय प्रधान मन्त्री र चिनियाँ प्रधान मन्त्रीबाट जारी संयुक्त वक्तव्यमा लिपुलेक (चियाङ्ला) भञ्ज्याङलाई पनि दुई देशको व्यापारी नाका बनाउन दुबै पक्ष सहमत भएको भनिएकोछ ।

● हालै भारतले प्रकाशन गरेको नयाँ राजनीतिक नक्सामा कालापानी र लिपुलेख पुनः उसैको भूभागमा पारेकोछ जसको विषयमा नेपालमा तीब्र आलोचना भइरहेको छ ।

उक्त पृष्ठभूमिका महाकाली नदी नेपाल - भारत वीचको सीमा नदी होकि होइन र चीन - भारत - नेपालको त्रिदेशीय सीमा ९त्चष्वगलअतष्यल० कहाँ पर्दछ तथा यो क्षेत्रको अर्थराजनीतिक महत्व के छ ? भन्ने विषयमा छलफल केन्द्रित गरिनेछ ।

२) **के हो महाकाली नदी ?**

● भनिन्छ नेपालको सीमाना पूर्वमा मेची नदी र पश्चिममा महाकाली नदी हुन । पश्चिम सीमाना भई बग्ने महाकाली नेपालको उत्तर-पश्चिम सीमानामा रहेको ब्यास हिमश्रिंखलाको खोचबाट निस्केको नदी हो । लिम्पियाघुरा यसको खास उद्गमस्थल हो । यो नदी उद्गमदेखि तराई - प्रवेशसम्म सीमा नदीको रूपमा बग्दछ र तराईमा प्रवेश गरेपछि अनेक भंगलामा छरिने र समय समयमा बाटो बदल्ने पनि गर्दै आएको छ । यो नदीको पूर्वपट्टी नेपालको दार्चुला, बैतडी, डडेलधुरा र कञ्चनपुर जिल्ला पर्दछन् । यो नदीको पश्चिमपट्टी भारतको पिथौरागढ र नैनिताल जिल्ला पर्दछन् । यो नदीको उद्धगमलाई भारत, चीन र नेपालको त्रिदेशीय सीमा विन्दु पनि मानिन्छ ।

● सन् १८१६ मा भएको ईष्ट-इण्डिया कम्पनिसँगको असमान सुगौली सन्धिले (धारा-५) "नेपालका राजा, उनका बंशज तथा उत्तराधिकारीहरूले काली नदी भन्दा पारि रहेका मुलुकहरूको दावी तथा सम्बन्ध त्याग्नु पर्‍यो ।" त्यसपछि सन् १८६० मा नयाँ मुलुक फिर्ता गर्ने प्रत्यावर्तन सन्धि द्धारा ईष्ट -इण्डिया र नेपालको पश्चिमी सीमाना कायम भएको तथा उक्त दुवै सन्धिबाट कालीनदीलाई नै सीमा नदीको हैंसियत प्रदान गरिएको छ ।

३) **महाकाली नदीको मुहान यकिन गरिएको छैन ।**

सन् १८१६ को सुगौली सन्धि र सन् १८६० को नयाँ मुलुक फर्काउने सन्धिबाट काली नदीले सीमा नदीको हैसियत प्राप्त गरे पनि नेपाल, भारत र चीनको समेत त्रिदेशीय-सीमा-विन्दु पर्ने कालीको मुहान ऐतिहासिक र बैज्ञानिक आधारमा यकिन गर्ने काम हुन नसकेकोले कालीको मुहान क्षेत्रमा पर्ने नेपाली भूभागमाथि इष्ट-इण्डिया र वर्तमान भारतले समेत पटक पटक सीमा मिच्ने काम गर्दै आएको देखिन्छ ।

● सन् १९६२ मा चीन-भारत युद्धको बेलादेखि कालापाली क्षेत्रमा भारतको फौजी क्याम्प राख्ने गतिविधिलाई अनदेखा गर्ने कथित पञ्चायती राष्ट्रबादीहरू र राजा महेन्द्रले भारतले एकतर्फी प्रकाशित गरेका नेपालको सन् १८७९ र त्यस पछिका नक्साहरूले निर्धारण गरेका सीमालाई मानेको देखिन्छ ।

● सन् १९६३मा नेपाल -चीन सीमा सम्झौता गर्दा ऐतिहासिक र बैज्ञानिक आधारमा त्रि-देशीय सीमा-विन्दु नछुट्याएको भएता पनि लिम्पियाधुरातर्फ इंङ्गित गर्दै "काली र पंखाखोलाको पानी ढलो, कर्णालीका सहायक नदीहरूको पानी ढलो र पंखाखोलाको पानी ढलो मिसिएको स्थानलाई नेपाल-चीनको सीमा विन्दु" भनिएको थियो । तर भारतले त्यसलाई मान्यता दिएन । त्यसबाट भारततर्फ नेपालको १६,१०० हे. पर्न जान्छ । सो लगायत थप ३५०० हे. जमिन समेत जम्मा १६,६०० हे. नेपाली भूमि दवाउने उदेश्यले कालापानीमा अतिक्रमण गरेको देखिन्छ ।

● सन् १९९० पछि नेपालमा राजा समेतको संसदीय प्रजातन्त्र र सन् २००६ देखि राजाविनाको गणतन्त्रात्मक संसदीय प्रजातन्त्र आयो । तर भारतीय विस्तारवादको दलाल बनेका नेपालका सरकार चलाएका राजनीतिक पार्टीहरूले महाकाली नदीको मुहान कुन हो, र चिन, भारत र नेपालको त्रिदेशीय सीमा-विन्दु कुन हो भन्ने विषयमा ऐतिहासिक र बैज्ञानिक आधारमा छुट्याउन कुनै चासो लिएको देखिएको छैन ।

● उपरोक्त पृष्ठभूमिमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको चीन भ्रमणको अवसरमा (सन् २०१५) चिनियाँ समकक्षीसँग जारी गरिएको संयुक्त बक्तब्यमा नेपाली भूमि लिपुलेक (चियाङ्ला) नाकालाई समेत चीन-भारतको ब्यापार बढाउन प्रयोग गर्न सहमत गरिएकोछ । (संयुक्त बक्तब्यको "अन्तरसीमा सहयोग उप-शिर्षक अन्तरगत २८ नं.बुदाँ)। नेपालका वर्तमान शासकहरूको दब्बुपनाको फाइदा भारत र चीनले उठाउने काम गरेकाछन् ।

४) **महाकाली नदीको मुहान कुटीयाङ्दी भएका आधारहरू**

*१) जलश्रोत विज्ञानको आधार :*

जसरी गंगा बेसिनको जलाधार क्षेत्रबाट बगी आउने यमुना, भागरथी, अलकन्दा, मन्दाकिनी, रामगंगा, कर्णाली र गण्डकीका साथै सप्तकोशीका सबै सहायक नदीहरू गंगा बेसिनका नदी प्रणालीमा रहदाँ रहँदै पनि ती मध्ये नदीको लम्बाई, आ-आफ्नो जलाधार क्षेत्र तथा मुहानबाट *बाँकी ५ पेजमा*

# नेपालको पश्चिमी सीमा लिम्पियाधुरा

## *भारतद्वारा प्रकाशित कथित नक्शाको घोर प्रतिकार गरौँ !*



● रतन भण्डारी ●

भारत सरकारले हालै नेपालको पश्चिमोत्तर सीमा लिम्पियाधुरादेखि कालापानी हुँदै लिपुलेकसम्मको भूभाग आफूतिर पर्ने गरी गलत नक्शा प्रकाशित गरेको छ । कालापानी भनिने तिल्सी नजिकको सानो पानीको मुहानलाई कालीको मुहान भनेर देखाउँदै आएको भारतले पछिल्लो पटक जारी नक्शामा भने लिम्पियाधुरातिरबाट आउने नदीलाई नै काली भनेर लेखेको छ । भारतले नयाँ नक्शामा लिम्पियाधुराबाट आउने नदीलाई काली भनेर स्वीकार्नु राम्रो कुरा हो । तर भारतद्वारा जारी नयाँ नक्शामा लिम्पियाधुराबाट आउने नदीलाई काली भनेर स्वीकारे पनि कालीपूर्वका कुटी, नाभी, गुन्जी, कालापानी र लिपुलेकलाई भने सीमा रेखा तानेर आफूतिर पार्ने दुस्प्रयास गरेको छ, जुन भारतीय कदम नेपालको सार्वभौमिकता र क्षेत्रीय अखण्डता विरोधी छ । लिम्पियाधुरादेखि कालापानीसम्मको ३८५ वर्ग किमी (तीन ओटा भक्तपुर जिल्लाको क्षेत्रफल भन्दा बढी) भूभाग आफूतिर पार्ने भारत सरकारको अतिक्रमणकारी नीति भने नयाँ होइन । जबकि नेपाल-अँग्रेज युद्धपछि नेपाल र ईष्ट-इण्डिया कम्पनीबीच भएको सुगौली सन्धिको धारा ५ ले नेपालको पश्चिमी सीमा महाकाली नदी निर्धारण गरेको हो । सुगौली सन्धिको धारा ५ अनुसार नेपालको पश्चिमी सीमा महाकाली नदी हो, जुन नदीको वास्तविक उद्गम दार्चुला जिल्लाको ब्यास गर्खाअन्तर्गत पर्ने लिम्पियाधुरा हो । सुगौली सन्धि पछि तत्कालीन इष्ट इन्डिया कम्पनी सरकारद्वारा प्रकाशित सबै नक्शाहरूमा महाकालीको मुहान लिम्पियाधुरा नै देखाइएको छ । सन् १८५६ पछि भने ब्रिटिश इण्डियाले नेपालको पश्चिमी सीमामाथि नक्शामार्फत अतिक्रमणमा थालेको थियो । कम्पनी सरकारले सन् १८५६ पछि प्रकाशित नक्शाहरूमा लिम्पियाधुराबाट आउने काली नदीलाई कुटी यांक्ति र लिपुलेक पश्चिम गिरफूबाट आउने खाँ यंक्तिलाई काली लेख्न शुरु गरेको हो । पछि बेलायती उपनिवेशषबाट स्वतन्त्र भएपछि भारतले सन् १९५० को उत्तरार्द्धतिर कालापानी (तिल्सी)मा सुरक्षा चौकी स्थापना गरेको थियो । भारत यतिबेला कालापानीस्थित सानो पानीको मूललाई कालीको मुहान भनेर भ्रम सिर्जना गर्दैआएको छ । हाल लिम्पियाधुरादेखि लिपुलेकसम्मको ३ शय ८५ वर्ग कि.मी. भूभाग भारतीय अतिक्रमणमा परेको छ । पछिल्लो पटक भारत र चीनबीच नेपालको सरहदभित्र पर्ने लिपुलेकबाट व्यापारका लागि मार्ग खुला गर्ने आफूखुसी सम्झौता भएको छ । नेपालको सार्वभौमिकता र क्षेत्रीय अखण्डताविरोधी लिपुलेक सम्झौता र कालापानी तथा लिपुलेक भारत भित्र पार्ने भारत सरकारको नयाँ नक्शा नेपालका लागि कुनै पनि हालतमा स्वीकार्य छैन ।

***कालापानीमा भारतीय फौज***

कालापानी क्षेत्रमा भारतले कहिलेदेखि सैन्य शिविर राख्यो भन्ने ठोस प्रमाण भेटिदैन । तर, दार्चुला जिल्लाका तत्कालीन प्रमुख जिल्ला अधिकारी डिल्लीराज जोशीले विसं २०४५ सालमा गृहमन्त्रालयलाई पठाएको प्रतिवेदनअनुसार सन् १९५२ देखि भारतले कालापानीमा अतिक्रमण थालेको देखिन्छ । त्यहीबेलादेखि भारतीय सुरक्षाकर्मी कालापानीमा प्रवेश गरेको घटनाक्रमबाट पुष्टि हुन्छ । प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाको पालामा नेपालमा भारतीय मिलिटरी मिशन भित्रिएको थियो । उनले भारतलाई नेपालको उत्तरी सीमामा १७ ओटा सैन्य चेकपोष्ट राख्न अनुमति दिएका थिए । तीमध्ये एउटा चेकपोष्ट दार्चुलाको तिङ्करमा थियो । ती सैन्य चेकपोष्ट पछि प्रधानमन्त्री कीर्तिनिधि विष्टले सन् १९७० अगष्ट १ का दिन हटाएका थिए । त्यतिबेला अरू सैन्य चेकपोष्ट फिर्ता गए पनि तिङ्करको चेकपोष्ट कालापानीमा गएर बसेको पूर्वप्रधानमन्त्री विष्ट बताउँछन् । छाँगरु निवासी नेपाली सेनाका पूर्वसहायकरथी गोपालसिंह बोहराले कालापानीमा सन् १९५९ मे देखि नै उत्तरप्रदेश 'आर्म्ड कन्स्टेबुलरी'का जवान तैनाथ रहेकोबताएका छन् । नेपाल-चीन सीमाङ्कनका बेला नेपाल-चीन संयुक्त सीमा समितिका सदस्य दमनराज तुलाधरले कालापानीमा भारतीय सैन्य क्याम्प रहेको जानकारी परराष्ट्र मन्त्रालयलाई गराएका थिए । नेपाली सेनाका पूर्वजनरल भरतकेशरी सिंहले नेपाल-चीन सीमाङ्कनका बेला नारा इलाकामा रहँदा कालापानी अतित्रमणबारे सरकारलाई रिर्पोटिङ गरेका थिए । नेपाली सेनाका पूर्वमहासेनानी शम्भुशम्शेर जबराले सीमा निरीक्षणका क्रममा कालापानीमा भारतीय प्रहरी देखेका थिए । पत्रकार नारायण वाग्लेका अनुसार सन् १९६२ तिर भारतीय सेनाले हिमाली नाकालाई दृष्टिगत गर्दै छियालेक, गुञ्जी र कालापानीमा सैन्य शिविर खडा गरेको थियो । पूर्वप्रशासक, सैनिक अधिकारी, सीमाविद, इतिहासकार, लेखक, बुद्धिजीवीहरूको भनाईका आधारमा भारतले सन् ५० र ६० को बीचमा कालापानीमा सैन्य शिविर खडा गरेको देखिन्छ । हाल भारतले कालापानी क्षेत्रमा इण्डो-टिबेटियन बोर्डर पुलिस फोर्स (आईटीबीपी) तैनाथ गरेको छ ।

औपचारिक सम्झौता विना अरू मुलुकमा सेना राख्न पाइँदैन । तर भारतले विनाअनुमति नेपाली भूमिमा सुरक्षा फौज तैनाथ गरेको छ । यद्यपि भारतीय अधिकारीहरूले कालापानीमा नेपालले सेना राख्न अनुमति दिएको अनौपचारिक दाबी गर्ने गरेका छन् । तर, नेपालले सेना राख्न अनुमति दिएको कुनै प्रमाण पेश गर्न सकेका छैनन्, सक्दैनन् । नेपालले भने भारतलाई कालापानीमा सैन्य *बाँकी ७ पेजमा*

# विस्तारवादी अतिक्रमणका विरुद्ध बृहत् राजनीतिक आन्दोलनको आवश्यकता छ



❑ **मोहन वैद्य'किरण'**, महासविच, नेकपा (क्रान्तिकारी माओवादी)

***नेपालको कालापानी क्षेत्रलाई आफ्नो नक्सामा गाभेर भारत सरकारले नयाँ राजनीतिक नक्सा जारी गरेपछि यतिखेर चौतर्फी रूपमा विरोध भइरहेको छ । र यो विषयलाई लिएर नेकपा (क्रान्तिकारी माओवादी)ले धेरै पहिलेदेखि नै सरकारलाई सचेत गराउदै आएको थियो । यसै सन्दभलाई लिएर नेकपा (क्रान्तिकारी माओवादी)को नेतृत्वमा केही वर्ष पहिले अखिल क्रान्तिकारी विद्यार्थीहरूको मार्चपास लिम्पियाधुरासम्म पुगेर यो समस्यालाई राष्ट्रियस्तरमा उजागर गरेको थियो । पछि काठमाण्डौ जिल्ला पार्टी र देजमो काठमाण्डौको नेतृत्वमा भारतले बनाएको यो गलत नक्सालाई सबै सरकारी कार्यालयबाट हटाउन दवाव स्वरूप विभिन्न विरोधका कार्यक्रमहरू गरेको थियो । तर त्यसवेला सरकारी र प्रतिपक्ष पार्टीहरूले कानमा तेल हालेर यसलाई सुनेको नसुन्यै गरेका थिए । अहिले किन उनीहरू आफ्ना विद्यार्थी र युवालाई भारतको उक्त कार्यको विरोधमा सडक आन्दोलनमा उतारेका छन् । यसका पछाडिको के कारण होला ? मंसीर १४को नीर्वाचन होकि सही अर्थमा यिनीहरूमा पनि राष्ट्रवादी चिन्तनको विकास भएको हो ? सिंगो महाकाली नदी बेच्नका लागि एक जुट भएका देउवा र ओली अहिले यो मुद्दामा किन र केका लागि एक हिसाबले आम सहमति जस्तो पनि देखिएको छ । पछिल्ला यी घटनाक्रमलाई कसरी हेरिरहनु भएको छ ?***

नेपालको कालापानी क्षेत्रलाई भारत सरकारद्वारा आफ्नो नक्सामा गाभी नयाँ नक्सा बनाइएको विषय र कालापानीसित सम्बन्धित नेपाल सरकारमा रहिआएका राजनीतिक शक्तिहरूले खेलेको भूमिकासहितको पृष्ठभूमि समेतलाई उल्लेख गरी यहाँले निकै लामो प्रश्न गर्नु भएको छ । यो प्रश्न सकारात्मक नै रहेको छ ।

प्रस्तुत विषयलाई विभिन्न कोणले हेर्न सकिन्छ । सबैभन्दा पहिलो कुरा त नेपालको कालापानीलाई आफ्नो नक्सामा गाभेर बनाइएको नयाँ नक्साको विरोध र नेपालको सार्वभौमिकताको पक्षमा जुन आवाज उठिरहेका छन्, तिनको हामीले सम्मान गर्नु पर्दछ । यो धेरै खुशीको कुरा हो । कतिपय अवसरवादी तथा पश्चगामी राजनीतिक शक्तिहरूका लागि यो बाध्यताको विषय पनि बन्न गएको छ । साथै, यहाँनेर ध्यान दिनुपर्ने अर्को कुरा के पनि छ भने आजको युगमा सरकारमा रहेका र प्रतिपक्षमा बसेका त्यस प्रकारका राजनीतिक शक्तिहरूले सरकार, सदन र सडक तीनओटै मोर्चा कब्जा गरेर जनतामा भ्रम छर्ने कसरत पनि गरिरहेका हुन्छन् । वर्तमान सन्दर्भमा देउवा र ओलीको विषयलाई पनि यसरी नै बुझ्नु पर्दछ । यो कुरा निकट भविष्यमा अझ स्पष्ट हुँदै जानेछ ।

***कालापानी, लिपुलेक, लिम्पियाधुरा लगायत २३ जिल्लाका ७१ ठाउँमा भारतले नेपालको सीमा अतिक्रमण गरेका समाचारहरू प्रकाशित भइरहेका छन् । यसरी भारतले बारम्बार अतिक्रमण गर्नु र त्यसको विरोधमा जनस्तरमा विरोध भए पनि नेपालका शासकहरूले यो विषय जोड दिएर उठाउन नसक्नुमा कारण के देख्नुहुन्छ ?***

भारतीय शासक वर्गले नेपालमा निरन्तर सीमा अतिक्रमण गर्दै जानुको प्रमुख कारण त्यसको विस्तारवादी तथा प्रभुत्ववादी चरित्र हुनु हो । त्यस्तै, त्यसको विरोधमा जनस्तरमा विरोध भएपनि नेपालका शासकहरूद्वारा त्यस विषयलाई जोड दिएर नउठाउनु उनीहरूको विस्तारवादपरस्त दलाली चरित्र नै प्रमुख कारण रहेको देखिन्छ ।

***अहिले सत्तारुढ डबल नेकपा, प्रतिपक्ष कांग्रेस र सत्ता बाहिर रहेका क्रान्तिकारी माओवादी लगायत बाम घटकहरूले खासगरी ती पार्टीका मोर्चा तथा विध्यार्थी संगठनहरूले छुट्टा छुट्टै विरोधका कार्यक्रमहरू गरिरहेका छन् । सबै आन्दोलनलाई जोडेर वृहत् आन्दोलनको उठान गर्ने वा हुने सम्भावना कत्तिको देख्नुहुन्छ ? त्यसका लागि क्रान्तिकारी माओवादीले केही पहल गर्छ ?***

देशको राष्ट्रिय स्वाधीनता तथा सार्वभौमिकताको पक्ष विस्तारवादी अतिक्रमणका विरुद्ध वृहत् राजनीतिक आन्दोलनको सम्भावना र आवश्यकता दुवै छन् । तर, यस आन्दोलनमा सरकार र प्रतिपक्षमा रहेका राजनीतिक शक्तिहरू निरन्तर लागि पर्छन् र उनीहरूलाई नै साथमा लिएर बृहत् राजनीतिक आन्दोलनको सपना देख्नु गलत हुन्छ । यो सम्भव छैन । देशको राष्ट्रिय स्वाधीनताको पक्षमा हाम्रो पार्टी तात्कालिक र दीर्घकालीन दुवै दृष्टिले निरन्तर संघर्ष गर्दै अगाडि बढ्छ । विस्तारवाद तथा साम्राज्यवादका विरुद्ध संघर्ष गर्नु नै नेपाली नयाँ जनवादी क्रान्तिको एउटा प्रमुख एजेण्डा हो ।

***चौतर्फी रूपमा विरोधको स्वर उरालिदा पनि सरकारले नक्साको विषयमा परराष्ट्र मन्त्रालयमार्फत् बेनामे वक्तव्य जारी गरेपनि सरकारले जुन पहलकदमी गर्नुपर्ने हो केही गरेको छैन । राष्ट्रियता, जनतन्त्र र जनजीविकाको सवालमा यो सरकार पूरै असफल भएको हो ? यस विषयमा के भन्नु हुन्छ ?***

सरकारले नक्साको विषयलाई लिएर जुन वक्तव्य दियो, त्यति मात्रलाई त सकारात्मक नै भन्नु पर्छ । तर त्यो पर्याप्त छैन । सरकारको चरित्र हेर्दा त्यो झारा टार्ने खालकै वक्तव्य देखिन्छ । जहाँसम्म राष्ट्रियता, जनतन्त्र र जनजीविकाको प्रश्न हो, त्यसमा यो सरकार असफल बन्दै गइरहेको छ । दलाल तथा नोकरशाही पुँजीपति र सामन्तवर्गका हक हितको प्रतिनिधित्व गर्ने राजनीतिक दल र तिनका पार्टीको सरकारद्वारा राष्ट्रियता, जनतन्त्र र जनजीविकाका आधारभूत समस्याको समाधान होला भनेर परिकल्पनै गर्न सकिन्न ।

***अहिले भइरहेको विरोधको प्रवृतिगत विश्लेषण कसरी गर्नुहुन्छ र राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई अगाडि बढाउन के कस्ता कुरामा ध्यान पुऱ्याउन आवश्यक देख्नुहुन्छ ?***

भारत सरकारले ल्याएको नयाँ नक्साको विरोधमा जुन आवाज उठिरहेका छन्, तिनको प्रवृत्तिगत अध्ययन गर्दा निम्न विषयमा ध्यान दिनु पर्दछ : पहिलो, यो विरोध सच्चा देशभक्त, जनवादी, वामपन्थी तथा क्रान्तिकारी शक्तिहरूद्वारा भएको छ । दोस्रो, यो विरोध सरकार, सदन र सडक तीनओटै मोर्चा कब्जा गरेर जनतालाई भ्रमित तुल्याउने उद्देश्यले पनि भइरहेको छ । तेस्रो, यो विरोध सामान्यतः देशभक्तिको भावनामा आधारित रहेर पनि भइरहेको पाइन्छ । यहाँनेर, हामी दोस्रो प्रकारको विरोधप्रति सतर्क र सचेत भएर हेर्नु पर्दछ । देशको राष्ट्रिय स्वाधीनताको आन्दोलनलाई अगाडि बढाउनका लागि तात्कालिन र दीर्घकालिन नीति, योजना र कार्यक्रम बनाएर जानु पर्दछ । तत्कालीन रूपमा हामीले भारतीय विस्तारवादको सीमा अतिक्रमण र हस्तक्षेपका विरुद्ध कुटनीतिक तथा राजनीतिक पहलका लागि सरकारसित माग गर्नु पर्दछ । यस विषयमा मिल्न सकिने सबै शक्तिसित मिलेर देशभक्त तथा क्रान्तिकारीहरूका बीच कार्यगत एकता गरेर जानु पर्दछ । यस विषयलाई हामीले अन्तर्राष्ट्रियकरण पनि गर्नु पर्दछ । र, विदेशी सच्चा मित्रहरूको सहयोग पनि लिनु पर्दछ । यस विषयमा जनतालाई ब्युँझाउँदै र गोलबन्द गर्दै अगाडि बढ्नु पर्दछ । यस अतिरिक्त दीर्घकालीन रूपमा हामीले देशलाई अर्धऔपनिवेशिक तथा नवऔपनिवेशिक अवस्थाबाट मुक्त गर्नका लागि निर्णायक संघर्षमा जानु पर्दछ र त्यस निम्ति आवश्यक तयारीमा लाग्नु पर्दछ ।

***वास्तवमा राष्ट्रिय स्वाधीनताको विषयलाई क्रान्तिकारी माओवादीले कसरी विश्लेषण गरेको छ ? राष्ट्रिय स्वाधीनताको मुद्दाभित्र कुन कुन विषयहरू जोडिएर आउँछन् ?***

राष्ट्रिय स्वाधीनताको मुद्दाका विविध विषयहरू छन् । जसमा सीमा अतिक्रमण, नागरिकता अतिक्रमण, सन् १९५० लगायत कोशी, गण्डकी, महाकाली, कर्णालीजस्ता असमान सन्धि सम्झौताहरूको खारेजी, समस्त प्रकृतिका स्रोत तथा साधनहरूमाथि कब्जा जमाउने प्रवृत्ति, नवउदारवादी अर्थतन्त्र तथा नवउपनिवेशवादी नीति लगायतका विषयहरू पर्दछन् ।

***हालै भएको चिनियाँ राष्ट्रपति सि चिनफिङको नेपाल भ्रमण, दुई देशबीच भएका सम्झौता र सिले भूजडित राष्ट्र सम्बन्धी व्यक्त गरेका विचार र 'टु प्लस वान'को रणनीति लगायतका विषयलाई क्रान्तिकारी माओवादीले कसरी हेरेको छ ?***

'संसदीय निर्वाचनको प्रश्नलाई हामीले सिद्धान्त होइन कार्यनीतिको विषय ठान्दछौं । यसरी हेर्दा सम्बन्धित परिस्थितिको अध्ययनका आधारमा उपयोग वा बहिस्कार गर्न सकिन्छ । र, हामीले कुनैबेला उपयोग र कुनै बेला बहिस्कार गर्दै आएका पनि छौं । यो बेला वर्तमान राज्यसत्ता, व्यवस्था र सरकारको भण्डाफोर गर्न र जनताको बीचमा नयाँ जनवादी राज्यसत्ताको विकल्प प्रस्तुत गरी क्रान्तिको तयारीको दिशामा अघि बढ्न बहिस्कार नै बढी सही एवम् उपयुक्त हुने भएकोले हामीले बहिस्कारको नीति लिएका हौं ।

हरेक क्षेत्रमा भारतसित बढी झुक्नु तथा निर्भरता र एकपक्षीय सम्बन्ध भइरहेको स्थितिमा छिमेकी देश चीनका राष्ट्रपति नेपालमा आउनु र विभिन्न विकास निर्माणसम्बन्धी सम्झौता हुनुलाई मूलतः सकारात्मक अर्थमा नै लिन सकिन्छ । हरेक देशका आ-आफ्नै हित तथा स्वार्थ हुन्छन् । यो कुरा चीनका सन्दर्भमा पनि सत्य नै हो । नेपाललाई भूजडित भनिनु पनि सकारात्मक अर्थमा नै लिइएको बुझ्नु पर्दछ । जहाँसम्म भारतमा सी र मोदीको बीचका कुराकानीको प्रसंगमा आएको- "टु प्लस वान" (दुईंएक) को विषय हो, त्यसले पहिले चीन र भारत मिल्ने अनि नेपाललाई पनि मिलाउने जस्तो अर्थलाई अभिव्यक्त गर्दछ । यहाँ नेपाललाई समान हैसितमा राखिएको देखिदैन । तर पनि कुरा के हो स्पष्ट रूपमा बुझ्न जरुरी छ ।

***पछिल्ला दिनमा अमेरिका, चीन र भारतका आपसी स्वार्थहरू नेपालमा टकराइरहेका छन् । र, उनीहरूको प्रत्यक्ष उपस्थिति पनि बढेर गएको छ । अमेरिका र भारतले त नेपालमा आतंकवादी समूहले सेल्टर लिएर बसेको विश्लेषण गर्दै अध्ययन प्रतिवेदन पनि सार्वजनिक गरिरहेका छन् । नेपाल इण्डो प्यासिफिक र बिआरइमा विभाजित बन्दै गएको देखिन्छ । यी घटनाक्रमलाई चाहिं कसरी विश्लेषण गर्नुभएको छ ?***

वस्तुतः अहिले नेपालमा अमेरिका, चीन र भारतका बीच त्रिकोणात्मक सम्बन्ध र संघर्षको स्थिति छ । यो बेला अमेरिका हिन्द प्रशान्त रणनीति र चीन एक क्षेत्र एक बाटोको मान्यता लिएर अघि बढिरहेका छन् । नेपाल सरकारले बीआरआई (एक क्षेत्र एक बाटो)को मान्यताप्रति त सहमति जनाइसकेको छ । तर, सरकारले अमेरिकाको हिन्द प्रशान्त रणनीतिप्रति दोधारे कुरा गरिरहेको छ । एकातिर नेपाल सरकारले अमेरिकाको हिन्द प्रशान्त रणनीतिअन्तर्गतका आर्थिक सहयोगलाई स्वीकार गरिसकेको छ भने अर्कोतिर अमेरिकासित कुनै सैन्य साझेदारी भएको छैन भन्ने गर्दैछ । हिन्द प्रशान्त रणनीति र बीआरआईबीच गुणात्मक भिन्नता छ । हिन्द प्रशान्त रणनीति सैन्य साझेदारीमा आधारित छ । तर बिआरआइ आर्थिक सहयोग र बाटोघाटोको सम्बन्धसित मात्र सम्बन्धित छ । आर्थिक सहयोग र बाटोघाटोको सम्बन्ध जस्ता कुरालाई सामान्य रूपमा लिन सकिन्छ । यदि नेपाल सरकारले हिन्द प्रशान्त रणनीतिलाई स्वीकार गरेको हो भने त्यो गम्भीर विषय हो र त्यसले नेपालको असंलग्न परराष्ट्र नीतिलाई समाप्त पारिदिन्छ । हामीले त्यसको विरोध गर्नुपर्दछ ।

जहाँसम्म भारत अमेरिकाद्वारा बताइएको नेपालमा आतंकवादीहरूको सेल्टरको विषय हो, त्यो गम्भीर प्रकृतिको विषय हो । अमेरिका र भारतले आतंकवादलाई निहुँ बनाएर क्रान्तिकारीहरूमाथि आक्रमण गर्न चाहन्छन्, अथवा भनौं नेपालको सार्वभौमिकतामाथि हस्तक्षेपका लागि आधार तयार पार्न खोज्दछन् । हामीले यसको दृढतापूर्वक विरोध गर्नु पर्दछ ।

***यस राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिका बीचबाट नेपालमा नयाँ जनवादी क्रान्तिको भविष्य कस्तो देख्नुहुन्छ ? क्रान्तिका चुनौती र सम्भावनाहरूलाई संक्षिप्तमा प्रकाश पारिदिनुस् न ।***

आजको युग साम्राज्यवाद र सर्वहारा क्रान्तिको युग हो । वर्तमान भूमण्डलीकृत साम्राज्यवाद आर्थिक क्षेत्रमा नवउदारवाद, राजनीतिक क्षेत्रमा संसदवाद र सांस्कृतिक क्षेत्रमा उपभोक्तावाद मिलेर बनेको छ र यी तीनओटै क्षेत्रमा गम्भीर संकट पैदा भएका छन् । वर्तमान नेपालको अर्थतन्त्र, राजनीति र संस्कृतिको आधारशिला पनि भूमण्डलीकृत साम्राज्यवादको जगमा खडा दलाल तथा नोकरशाही पुँजीवाद नै हो । बाह्य कलेवरमा कम्युनिस्ट सरकार देखिएपनि त्यसको अन्तर्वस्तु भूमण्डलीकृत साम्राज्यवादसित अभिन्न रूपमा गाँसिएको नवउदारवादी अर्थतन्त्र, संसदवाद र उपभोक्तावादद्वारा निर्मित भएको छ । र, वर्तमान राज्यसत्ता र व्यवस्था दुवै नै संकटग्रस्त रहिआएका छन् । यसरी हेर्दा विश्व र नेपालका लागि पनि क्रान्तिका लागि वस्तुगत परिस्थिति परिपक्व बन्दै जान थालेको देखिन्छ । परन्तु, आत्मगत परिस्थिति भने अझै कमजोर नै छ । समग्रमा भन्नुपर्दा विश्व र नेपालमा पनि भूमण्डलीकृत साम्राज्यवादी संकटको समाधान र विकल्प वैज्ञानिक समाजवाद नै हो । नेपालमा सम्पन्न गरिने नयाँ जनवादी क्रान्ति वैज्ञानिक समाजवादकै अभिन्न अंग हो । यसरी हेर्दा नेपाली नयाँ जनवादी क्रान्तिको भविष्य समुज्वल छ । राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका समस्याहरूको समाधान हुन नसक्नु, कम्युनिस्ट नामधारी सरकार दिनप्रतिदिन नांगिदै जानु र जनता मुक्तिको निम्ति छट्पटाइरहनु नै नेपालमा नयाँ जनावादी क्रान्तिका मूल सम्भावना हुन् । जहाँसम्म नयाँ जनवादी क्रान्तिका सामु प्रस्तुत चुनौतीहरूको प्रश्न हो ती पनि गम्भीर नै छन् । क्रान्तिकारी कम्युनिस्ट शक्ति कमजोर हुनु नै एउटा प्रमुख चुनौती हो । हामीले यस चुनौतीको सामना गर्नका लागि कठिन परिश्रम गर्नु पर्छ । र, त्यो गर्न सकिन्छ । यो जिम्मेवारी हाम्रो पार्टीको काँधमा आएको छ, यसलाई हामीले सहर्ष संवहन गर्नुपर्दछ ।

***क्रान्तिकारी माओवादीले मंसिर १४ को उपनिर्वाचन बहिस्कार गरेको छ । यसअघि भएको तीनवटै तहको निर्वाचनको क्रान्तिकारी उपयोग गरेको पार्टीले उपनिर्वाचन बहिस्कार गर्नुका कारणबारे स्पष्ट पारिदिनुस् न ।***

'संसदीय निर्वाचनको प्रश्नलाई हामीले सिद्धान्त होइन कार्यनीतिको विषय ठान्दछौं । यसरी हेर्दा सम्बन्धित परिस्थितिको अध्ययनका आधारमा उपयोग वा बहिस्कार गर्न सकिन्छ । र, हामीले कुनैबेला उपयोग र कुनै बेला बहिस्कार गर्दै आएका पनि छौं । यो बेला वर्तमान राज्यसत्ता, व्यवस्था र सरकारको भण्डाफोर गर्न र जनताको बीचमा नयाँ जनवादी राज्यसत्ताको विकल्प प्रस्तुत गरी क्रान्तिको तयारीको दिशामा अघि बढ्न बहिस्कार नै बढी सही एवम् उपयुक्त हुने भएकोले हामीले बहिस्कारको नीति लिएका हौं ।

***क्रान्तिकारी माओवादीले छरिएर रहेका नयाँ जनवादी क्रान्तिका पक्षधर समूह तथा व्यक्तिहरूलाई एकताबद्ध बनाउने पहिल गरिरहेको थियो । त्यस सम्बन्धमा अहिले के भइरहेको छ ? संक्षिप्तमा बताइदिनुस् न ।***

निश्चित रूपमा हामीले छितरिएर रहेका नयाँ जनवादी क्रान्तिका पक्षधर क्रान्तिकारीहरूलाई एकताबद्ध तुल्याउने प्रयास गर्दै आएका छौं । त्यस कार्यमा अहिले सफलता प्राप्त हुन नसकेपनि हाम्रो त्यो प्रयास जारी छ ।

***नेकपा (विप्लव) र नेकपा (मसाल)को राजनीतिलाई चाहिं क्रान्तिकारी माओवादीले कसरी लिएको छ ?***

नेकपा विप्लव समूहप्रतिको हाम्रो दृष्टिकोण द्वन्द्ववादी रहेको छ । हामीले एकातिर सरकारद्वारा विप्लव समूहमाथि लगाइएको प्रतिबन्धको विरोध गर्दै सो समूहलाई राजनीतिक दलका रूपमा लिई राजनीतिक व्यवहार गर्न तथा धरपकड, दमन होइन राजनीतिक ढंगले समस्या सुल्झाउन जोड दिइरहेका छौं भने अर्कोतिर उनीहरूको रहस्यवादी कार्यदिशाको पनि आलोचना गर्दै त्यसलाई सच्याउन आग्रह गरिरहेका छौं । त्यस्तै नेकपा (मसाल)प्रति पनि हाम्रो नीति द्वन्द्वात्मक नै रहेको छ । नेकपा (मसाल)को नयाँ जनवादी क्रान्तिको कार्यदिशा मूलतः सही हुँदा हुँदै पनि त्यसले वर्तमान पश्चगामी संविधानलाई संस्थागत गर्ने मान्यता अगाडि सारेर संसदवादप्रति मोहित भएर र सरकारमा आवद्ध पुरातनपन्थीहरूलाई मित्र शक्तिको रूपमा लिएर अघि बढिरहेको छ । हामीले मसालको सही पक्षको समर्थन र गलत चिन्तनको विरोध गर्दै आएका छौं ।

***अन्तमा, राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरू समाधान हुने प्रतिक्षा गरी बसेका आमूल परिवर्तनका पक्षधर जनता, सहिद तथा वेपत्ता परिवार, घाइते योद्धाहरूलाई के भन्न चाहनुहुन्छ ?***

म आमूल परिवर्तनका पक्षधर जनसमुदाय, सहिद तथा वेपत्ता योद्धाहरूका परिवारजन र घाइते अपाङ्ग योद्धाहरूसित क्रान्तिमा त्याग, वीरता तथा बलिदानका कीर्तिमान कायम भएकोमा गर्व गर्न, त्यसबाट आगामी क्रान्तिका लागि ठूलो उर्जा प्राप्त हुने कुराप्रति विश्वस्त रहन र क्रान्तिलाई सघाउँदै अगाडि बढ्न विशेष अनुरोध गर्दछु । साथै, उहाँहरूका हकहितसित तात्कालिक तथा दीर्घकालिन हकहितका पक्षमा निरन्तर संघर्ष गरिरहने प्रतिबद्धता पनि पुनः व्यक्त गर्न चाहन्छु ।

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# जनसमुदायको नाममा क्रान्तिकारी माओवादीको अपिल
# 'उपनिर्वाचनको सक्रिय बहिस्कार गरौं !'

काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी)ले मंसिर १४ मा हुने संसदीय उपनिर्वाचनका लागि जनसमुदायलाई हार्दिक अपिल गरेको छ । पार्टीको स्थायी समितिले जनसमुदायको नाममा एक अपिल जारी गर्दै यस्तो आव्हान गरेको हो । सोमबार जारी गरेको अपिलमा '(१) दलाल तथा नोकरशाही पुँजीवाद एवम् सामन्तवादको प्रतिनिधित्व गर्ने वर्तमान राज्यसत्ता, ब्यवस्था र सरकारको बिरोध तथा भण्डाफोर गर्न, (२) दशवर्षको जनयुद्ध र बिभिन्न जनआन्दोलनहरूमा अभिव्यक्त सहिद, बेपत्ता तथा घाइते-अपाङ्ग योद्धा सहित आम जनसमुदायका आमूल परिवर्तनका आशा, अपेक्षा, भावना तथा सपनामाथि गंभीर आघात पुऱ्याइएकोमा त्यसका विरुद्ध सशक्त आवाज उठाउन, (३) व्यापक रूपमा निरन्तर बढ्दै गएका भ्रष्टाचार, बलात्कार, हत्या, महङ्गी, तस्करी, कमिशनतन्त्र, दलाल तथा बिचौलिया वर्गको संरक्षकका रूपमा प्रस्तुत सरकारको बिरोध गर्न र (४) यस प्रकारको सत्ता तथा व्यवस्थाको विकल्पमा नयाँ जनवादी राज्यसत्ताको स्थापना गरी वैज्ञानिक समाजवाद हुँदै साम्यवादको लक्ष्यतर्फ अगाडि बढ्ने क्रान्तिको तयारीका लागि जनमत निर्माण गर्न यो बेला बहिष्कार आन्दोलन नै उपयुक्त, सही र अपरिहार्य बन्न गएको' विश्लेषण गरिएको छ र भनिएको छ, 'तसर्थ, हाम्रो पार्टी आदरणीय जनसमुदायसित देशभक्त तथा जनगणतान्त्रिक मोर्चाद्वारा विभिन्न रूपमा सञ्चालित बहिष्कार आन्दोलनमा सहभागी हुन र यस उप निर्वाचनको सक्रिय रूपमा बहिष्कार गर्नका लागि हार्दिक आह्वान गर्दछ ।'

क्रान्तिकारी माओवादीले '१. मार्क्सवाद-लेनिनवाद-माओवाद जिन्दावाद !, २. नयाँ जनवादी क्रान्ति जिन्दावाद !, ३. सामन्तवाद, साम्राज्यवाद विस्तारवाद मुर्दावाद !, ४. कथित उपनिर्वाचनको बहिष्कार गरौं !, ५. मजदुर वर्ग र उत्पीडित जनसमुदाय एक होऔं !, ६. सबैखाले संशोधनवाद मुर्दावाद !, ७. महान सहिदहरू अमर रहून् !, ८. नेकपा (क्रान्तिकारी माओवादी) जिन्दावाद ! नाराहरू समेत अपिलमा उल्लेख गरिएको छ ।

**यस्तो छ अपिलको पूर्णपाठ:**

२०७६ मङ्सिर १४ गते हुने संसदीय उपनिर्वाचनको सक्रिय बहिष्कार गरौं !

*आदरणीय जनसमुदाय,*

कम्युनिस्ट नामधारी सरकार बनेको दुई वर्ष पुग्दैछ । यो बेला राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्या अझै विकराल बन्दै गएका छन् । देशका विभिन्न ठाउँमा व्यापक रूपमा सीमा अतिक्रमण भइरहेको छ । वर्तमान सरकारले कालापानी क्षेत्रको झण्डै ३७२ वर्ग किलोमिटर नेपाली भूभाग भारतमा गाभी भारतद्वारा बनाइएको नक्कली नेपाली नक्साको प्रयोग गरिरहेको छ । सन् १९५० लगायतका असमान सन्धि सम्झौताहरू कायमै छन् । प्रबुद्ध व्यक्ति समूहको प्रतिवेदनमा के लेखिएको छ, जनतालाई थाहा छैन । एकातिर भारतीयद्वारा नागरिकता अतिक्रमण गरिने र अकोर्तिर वास्तविक नेपालीहरू नागरिकताबाट बञ्चित हुने समस्या गंभीर बन्दै गएको छ । सरकारले अमेरिकाको एशिया प्रशान्त रणनीतिमा आधारित सैन्य साझेदारी अन्तर्गतको मिलेनियम च्यालेञ्ज कर्पोरेशनको आर्थिक सहयोग स्वीकार गरी असंलग्न परराष्ट्र नीतिको मान्यतालाई तोडेर र हालै अजरबैजानमा आयोजित असंलग्न राष्ट्रहरूको अठारौ शिखर सम्मेलनमा असंलग्नताप्रति प्रतिबद्धता जाहेर गरेर द्वैध चरित्र प्रदर्शन गर्न पुगेको छ । संविधानमा स्वतन्त्रता र समानताको राग अलापिए पनि मजदुर, किसान, महिला, दलित, मधेशी, आदिवासी जनजाति, मुस्लिम लगायतका उत्पीडित वर्ग तथा जनसमुदाय अझै अधिकारविहीन छन् । संविधानमा सङ्घीयता उल्लेख गरिए पनि जातीय पहिचान बिनाको सङ्घीयताको कुनै अर्थ छैन । त्यस्तै संविधानमा लेखिएका शिक्षा, स्वास्थ्य, रोजगारी, खाद्यसंप्रभुता, आवास जस्ता विषय हात्तीको देखाउने दाँत बनेका छन् । सबैभन्दा लोकतान्त्रिक भनिएको संसदीय गणतन्त्रमा पनि नेकपा विप्लव समूहमाथि प्रतिबन्ध लगाई लोकतन्त्रको उपहास गरिएको छ । झण्डै करोडको सङ्ख्यामा देशको युवाशक्ति विदेशिएको छ । सुकुम्वासी, कमैया, हली, गोठालाहरूको अवस्था दयनीय छ । भ्रष्टाचार, बलात्कार, हत्या, महङ्गी, तस्करी, कमिशनतन्त्रले जनता आक्रान्त बन्दै गएका छन् । जनता नवउदारवादी अर्थतन्त्रको असह्य मारमा परेका छन् । अपार जलसंपदा सहित प्राकृतिक तथा मानवीय स्रोतसाधन विदेशलाई सुम्पेर, देशको अर्थतन्त्रलाई दलाल पुँजीपति तथा विचौलिया तत्वहरूको जिम्मा लगाएर, सर्वसाधारण जनतालाई दोहोरो-तेहोरो करको मारमा थिचेर, आत्मनिर्भर कृषि अर्थतन्त्रलाई ध्वस्तपारी मुख्यतः भारतबाट अरवौं रुपियाको खाद्यान्न सहित विषादीयुक्त तरकारी, फलफुलको ओइरो लगाई ठुलो व्यापार घाटाका साथै जनस्वास्थ्यमा लापरवाही गरेर वर्तमान स्वेच्छाचारी सरकार देश विकासको डम्फु बजाइरहेको छ । यो बेला नेपाली राजनीतिमा पश्चगामी तथा यथास्थितिवादी विकल्पका लागि विभिन्न कसरतहरू पनि भइरहेका छन् । परन्तु, हामीले सत्ता र व्यवस्थाकै विरुद्धमा अग्रगामी विकल्पका लागि सशक्त आन्दोलनको तयारी गर्न जरुरी छ ।

ठीक यसै स्थितिमा २०७६ मङ्सिर १४ गते संसदमा रिक्त हुन आएका प्रतिनिधि सभा-१ कास्की, प्रदेश सभा-३, दाङ, वाग्लुङ तथा भक्तपुर र अन्य विभिन्न नगर तथा गाउँ पालिकाका सम्बन्धित सदस्यहरूको पदपूर्तिका लागि कथित उपनिर्वाचन हुन गइरहेको छ । यस स्थितिमा हुन गइरहेको यस प्रकारको उपनिर्वाचनको कुनै अर्थ र औचित्य देखिंदैन । त्यसैले यस उपनिर्वाचनको बहिष्कार गर्नु पर्दछ ।

*परिवर्तनकामी दिदीबहिनी तथा दाजुभाईहरू,*

हाल हुन गइरहेको संसदीय उपनिर्वाचनको बहिष्कार किन ? किनभने (१) दलाल तथा नोकरशाही पुँजीवाद एवम् सामन्तवादको प्रतिनिधित्व गर्ने वर्तमान राज्यसत्ता, ब्यवस्था र सरकारको बिरोध तथा भण्डाफोर गर्न, (२) दशवर्षको जनयुद्ध र बिभिन्न जनआन्दोलनहरूमा अभिव्यक्त सहिद, बेपत्ता तथा घाइते-अपाङ्ग योद्धा सहित आम जनसमुदायका आमूल परिवर्तनका आशा, अपेक्षा, भावना तथा सपनामाथि गंभीर आघात पुऱ्याइएकोमा त्यसका विरुद्ध सशक्त आवाज उठाउन, (३) व्यापक रूपमा निरन्तर बढ्दै गएका भ्रष्टाचार, बलात्कार, हत्या, महङ्गी, तस्करी, कमिशनतन्त्र, दलाल तथा बिचौलिया वर्गको संरक्षकका रूपमा प्रस्तुत सरकारको बिरोध गर्न र (४) यस प्रकारको सत्ता तथा व्यवस्थाको विकल्पमा नयाँ जनवादी राज्यसत्ताको स्थापना गरी वैज्ञानिक समाजवाद हुँदै साम्यवादको लक्ष्यतर्फ अगाडि बढ्ने क्रान्तिको तयारीका लागि जनमत निर्माण गर्न यो बेला बहिष्कार आन्दोलन नै उपयुक्त, सही र अपरिहार्य बन्न गएको छ ।

तसर्थ, हाम्रो पार्टी आदरणीय जनसमुदायसित देशभक्त तथा जनगणतान्त्रिक मोर्चाद्वारा विभिन्न रूपमा सञ्चालित बहिष्कार आन्दोलनमा सहभागी हुन र यस उप निर्वाचनको सक्रिय रूपमा बहिष्कार गर्नका लागि हार्दिक आह्वान गर्दछ ।

१. मार्क्सवाद-लेनिनवाद-माओवाद जिन्दावाद !
२. नयाँ जनवादी क्रान्ति जिन्दावाद !
३. सामन्तवाद, साम्राज्यवाद विस्तारवाद मुर्दावाद !
४. कथित उपनिर्वाचनको बहिष्कार गरौं !
५. मजदुर वर्ग र उत्पीडित जनसमुदाय एक होऔं !
६. सबैखाले संशोधनवाद मुर्दावाद !
७. महान सहिदहरू अमर रहून् !
८. नेकपा (क्रान्तिकारी माओवादी) जिन्दावाद !

मितिः २०७६ कार्तिक १८

*स्थायी समिति*
*ने.क.पा. (क्रान्तिकारी माओवादी)*

## देशभक्त जनगणतान्त्रिक मोर्चा बाँकेद्वारा भारतीय अतिक्रमण विरुद्ध विरोध




बाँके । देशभक्त जनगणतन्त्रिक मोर्चा नेपाल जिल्ला समिति बाँकेको आयोजनामा कालापानी क्षेत्रको ३७२ वर्ग किलोमिटर भू भाग भारतीय नयाँ नक्सामा गाभी नक्कली नेपाली नक्सा प्रयोग गरिरहेको बर्तमान दलाल नोकरशाही पुँजीवाद र सामन्तवादको प्रतिनिधित्व गर्ने तथाकथित बाम तथा कम्युनिष्ट नामको दलाल सरकारको बिरोधका लागि कोणसभाको सञ्चालन मोर्चाका बाँके जिल्ला अध्यक्ष सुरेश वली र पाटीका पि बि एम क संकुल शर्माले भारतीय विस्तारवादको सशक्त बिरोध गर्दै बर्तमान सरकारले अपार जलस्रोत प्राकृतिक श्रोत साधन तथा मानबिय श्रोत साधन भारतलाई सुम्पेर, देशको अर्थतन्त्र दलाल पुँजीपति तथा बिचौलियाहरूको जिम्मा लगाएर सर्बसाधारण जनतालाई दोहोरो तेहेरो करको भारि बोकाएर स्वेच्छाचारी सरकारले बिकासको डम्फु बजाइरहेको छ यो गम्भीर बिडम्बना हो भन्नु भयो ।

## देशभक्त जनगणतन्त्रिक मोर्चा सिराहाद्वारा भारतीय अतिक्रमण विरुद्ध विरोध



सिराहा । लिपुलेक हाम्रो हो, सिमाना अतिक्रमण बन्द गर भन्ने मूल नारासहित देजमो नेपाल सिराहाको आयोजनामा विरोध कार्यक्रम सम्पन्न भयो । उक्त विरोधका कार्यक्रमका वक्ताहरूमा देजमो केन्द्रीय सचिवालय सदस्य कमल चौधरी, प्रदेश नं. २ अध्यक्ष रामनारायण सिंह, मधेस राष्ट्रिय मुक्ति मोर्चा २ नं. प्रदेश संयोजक सञ्जय सिंहलगायतका हुनुहुन्थ्यो ।

विरोध सभाको अध्यक्षता देजमो नेपाल सिराहाका अध्यक्ष विष्णु सिंह र उदघोष शम्भु साहले गर्नुभएको थियो । विरोध सभा सिराहाको गोलबजार ठूलै सभाबीच सम्पन्न भयो ।

## क्रान्तिकारी...

कुटीयाङ्दी नदीसम्म नेपालको सीमा भएको निष्कर्ष समेत निकालेको छ । र, कालापानी क्षेत्रको नेपाली भूमि कालापानी, लिपुलेक र लिम्पियाधुरा फिर्ता ल्याउन पहल गर्न सरकारलाई आग्रह गरिएको छ ।

क्रान्तिकारी माओवादी र देजमोद्वारा विरोध एवम् भर्त्सना

राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको विषयलाई प्रमुखताका साथ उठाउँदै आएको क्रान्तिकारी माओवादीले एक वक्तव्य जारी गरी सीमा अतिक्रमणलाई भारतीय विस्तारवादको नाङ्गो हस्तक्षेपको रूपमा लिंदै भारतको उक्त कदमको घोर विरोध एवम् भर्त्सना गरेको छ । पार्टी महासचिव मोहन वैद्य'किरण'ले जारी गरेको वक्तव्यमा भनिएको छ, "भारत सरकारद्वारा हालै सार्वजनिक गरिएको नयाँ नक्सामा पहिलेदेखि अतिक्रमण गर्दै आएको नेपालको लिम्पियाधुरादेखि लिपुलेकसम्मको समग्र कालापानी क्षेत्रमा पर्ने भूभागलाई भारतमा गाभिएको छ । यो नेपालको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र नेपाली भूभागमाथि गरिएको नाङ्गो अतिक्रमण हो । यसबारे सम्पूर्ण देशभक्त नेपाली जनसमुदाय विशेष संवेदनशील र गंभीर बन्न जरुरी छ । हाम्रो पार्टी भारतीय विस्तारवादद्वारा यसरी नेपाली भूभागमाथि गरिएको नाङ्गो अतिक्रमणको तीव्र विरोध तथा भर्त्सना गर्दछ । साथै, यसबारे आलटाल नगरी आवश्यक सत्यतथ्य प्रकाशमा ल्याई भारतको यस कदमको कडा विरोध गर्न, नेपालको सार्वभौमिताको पक्षमा दह्रोसंग उभिन र यसबारे तुरुन्तै आवश्यक कूटनीतिक पहल अगाडि बढाउन नेपाल सरकारसित जोडदार माग गर्दछ । अन्तमा, हाम्रो पार्टी यस प्रकारको भारतीय विस्तारवादी अतिक्रमण तथा हस्तक्षेपको सशक्त विरोध गर्न सम्पूर्ण देशभक्त नेपाली जनसमुदायसित हार्दिक अनुरोध गर्दछ ।"

त्यसैगरी देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालले पनि वक्तव्य जारी गरी भारतीय विस्तारवादी हस्तक्षेपको प्रतिरोधमा उत्रन जनसमुदायलाई सार्वजनिक आव्हान गरेको छ । मोर्चाका अध्यक्ष सीपी गजुरेलले जारी गरेको वक्तव्यमा भनिएको छ, "हालै भारत सरकारद्वारा सार्वजनिक गरिएको भारतको नययाँ नक्सामा नेपाली भूभाग समेत भारततर्फ समावेश गरिएको प्रति देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको गम्भीर ध्यानाकर्षण भएको छ । भारत सरकारले उसको जम्मु काश्मिर राज्यको पुनः सिमाङ्कन गर्ने सन्दर्भमा प्रकाशमा ल्याएको उक्त नक्सामा नेपालको लिपुलेक र कालापानी क्षेत्रलाई पनि भारतीय भूभागमा पारिएको छ । भारतीय पक्षको उक्त कार्यले नेपालको राष्ट्रिय स्वाधीनता र भौगोलिक अखण्डतामा ठाडो हस्तक्षेप गर्दै गम्भीर आँच पुऱ्याउने काम गरेको छ । हाम्रो पार्टीले भारतीय विस्तारवादी नीतिको सशक्त भर्त्सना गर्दछ । त्यसैगरी भारत सरकारको त्यसप्रकारको विस्तारवादी मिचाहा नीति र कार्यको तत्काल प्रतिरोध गर्न सबै सच्चा देशभक्त नेपाली जनतासँग आव्हान गर्दछ । यसको साथै यस प्रकारको नेपालको अखण्डता र सार्वभौमिकता माथि यस प्रकारको आक्रमण भैरहेको बेलामा अविलम्ब उक्त नक्सा खारेज गराउन तुरुन्त सशक्त कदम चाल्न पनि नेपाल सरकारसँग जोडदार माग गर्दछ । अन्यथा जिम्मेवारी यो सरकारले समेत लिनुपर्ने र त्यसको परिणामप्रति जवादफेही हुनु पर्ने कुराको समेत जानकारी गराउन चाहन्छौं ।"

**जिल्ला जिल्लामा विरोध प्रदर्शन**

क्रान्तिकारी माओवादी तथा सम्बद्ध देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल, विद्यार्थी संगठन लगायत संगठनहरूले जिल्ला जिल्लामा प्रदर्शन गरेका छन् । भारतले नेपालको कालापानी क्षेत्र गाभेर नयाँ नक्सा जारी गरेकै भोलिपल्ट पार्टीले वक्तव्य जारी गऱ्यो भने देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको ३ नं. प्रदेश कमिटिले काठमाडौंमा विरोध प्रदर्शन गऱ्यो । विरोध ऱ्यालीसहित गरिएको कोणसभालाई पार्टीका स्थायी समिति सदस्य तथा मोर्चाका महासचिव परि थापाले सम्बोधन गरेका थिए ।

त्यसैगरी देजमो चितवनले पनि ऱ्यालीसहित कोणसभा गऱ्यो भने नवलपरासी, कैलाली, कञ्चनपुर, बाँके, बर्दिया, सुर्खेत लगायतका जिल्लाहरूमा पनि ऱ्यालीसहित कोणसभा गरेर विरोध प्रदर्शन गर्नुका साथै भारतीय विस्तारवादी शासक मोदीको पुत्लादहन समेत गरिएको थियो ।

त्यसैगरी विद्यार्थी संगठनले एकल तथा संयुक्त रूपमा विरोध प्रदर्शनका कार्यक्रम गरिरहेको छ । संगठनकै अगुवाइमा कैलालीमा विरोध प्रदर्शनका साथै मोदीको पुत्लादहन गरियो भने काठमाडौंमा पुत्लादहनका साथै लैनचौरस्थित भारतीय दूताबास घेराउ गर्दै भारतले जारी गरेको नयाँ नक्सा समेत जलाएको छ ।

क्रान्तिकारी माओवादीसम्बद्ध लेखक, पत्रकार, प्राध्यापक तथा बुद्धिजीवीहरूद्वारा वक्तव्य जारी

नेकपा (क्रान्तिकारी माओवादी) सम्बद्ध नेपाल राष्ट्रिय प्राध्यापक संगठनका अध्यक्ष प्रा.डा. जगदीशचन्द्र भण्डारी, राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च, नेपालका अध्यक्ष हुकुमबहादुर सिंह, क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउत, अखिल नेपाल जनसाँस्कृतिक महासंघका महासचिव तथा इच्छुक साँस्कृतिक प्रतिष्ठानका अध्यक्ष हिरामणि दुःखी, अखिल नेपाल लेखक संघका अध्यक्ष मित्रलाल पंज्ञानी, अखिल नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष विजय रत्न बज्राचार्यलले संयुक्त वक्तव्य जारी गर्दै भारतीय विस्तारवादी अतिक्रमणका विरुद्ध प्रतिरोधमा उत्रन अपिल गरेका छन् ।

जारी संयुक्त वक्तव्यमा भनिएको छ, "भारत सरकारद्वारा हालै सार्वजनिक गरिएको नयाँ नक्सामा पहिलेदेखि अतिक्रमण गर्दै आएको नेपालको लिम्पियाधुरादेखि लिपुलेकसम्मको समग्र कालापानी क्षेत्रमा पर्ने भूभागलाई भारतमा गाभिएको घटनाको हामी घोर विरोध एवम् तीव्र भर्त्सना गर्दछौं । र, भारतीय विस्तारवादी हस्तक्षेपका विरुद्धमा देशैभर भइरहेका विरोधका कार्यक्रमप्रति ऐक्यबद्धता जाहेर गर्दछौं ।

हामीले यसलाई नेपालको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डतामाथि गरिएको नाङ्गो अतिक्रमण र हस्तक्षेपको रूपमा लिएका छौं । भारतीय विस्तारवादले गरेको यो अतिक्रमण र हस्तक्षेपको आ-आफ्नो ठाउँबाट कडा प्रतिरोधमा उत्रन सम्पूर्ण प्रगतिशील तथा क्रान्तिकारी लेखक, साहित्यकार, बुद्धिजीवी, पत्रकार, प्राध्यापक, शिक्षक, कलाकारलगायत सच्चा देशभक्त आम जनसमुदायलाई हार्दिक अपिल समेत गर्दछौं । साथै, देशको सार्वभौमिकता तथा भौगोलिक अखण्डताको रक्षा गर्न नसक्ने ओली सरकारको लम्पसारवादी चरित्रको कडा शब्दमा निन्दा एवम् भर्त्सना गर्दै अविलम्ब भारतीय नक्सा सच्याई कालापानी क्षेत्र नेपालको कायम गराउन कुटनीतिक प्रक्रिया थाल्न जोडदार माग गर्दछौं । अन्यथा, ओली सरकारले ठूलो मूल्य चुकाउनु पर्ने परिस्थिति सिर्जना हुने पनि चेतावानी दिन चाहन्छौं ।

ओली सरकारको विस्तारवादी परस्त दलाल चरित्र

प्रधानमन्त्री ओलीले महाकाली नदीको उद्गम कुटीयाङ्दी नदी नै नेपाल भारतको सीमा भएको पाप्त प्रमाणहरूले पुष्टि गर्ने भएकाले लिम्पियाधुरासम्म नेपाली भूभाग भएको अडान सरकारले लिने बताए पनि प्रभावकारी भूमिका नखेलेकोप्रति अहिले ओली सरकारको आलोचना भइरहेको छ ।

केपी शर्मा ओली नेतृत्वको सरकारले भारतीय विस्तारवादी शासकहरूसँग कालापानी क्षेत्रको बारेमा कुटनीतिक हिसाबले कुरा गर्ने बिषयमा सर्वत्र शंका व्याप्त रहेको छ । कुनै बेला जनताको ठूलो हिस्साको विरोधका बाबजुद भारतीय शासक वर्गलाई महाकाली बुझाउन मुख्य भूमिका खेलेका र भारतीयहरूले आफ्नो मान्छे भनेर चिनाउने गरिएका प्रधानमन्त्री ओली पछिल्लो पटक प्रधानमन्त्री भएयता भारतीय हस्तक्षेपको बारेमा मौन बस्दै आएका छन् । बरु यसअघि भारतसँग गरिएका सन् पचासको त्रिपक्षीय सन्धिलगायत सबै असमान सन्धिसम्झौता कार्यान्वयन गर्ने विषयमा थप सम्झौता गरेका छन् । करिब एक बर्षदेखि कालापानी क्षेत्रको ३७२वर्ग किमि भन्दा बढी भूभाग गायब पारिएको नेपालको नक्सा स्वयम् प्रधानमन्त्री ओलीको कार्यालय लगायत सबै सरकारी निकायमा झुन्ड्याएको विषयमा सरकारको चर्को विरोध हुँदा पनि मौन बस्नु, भारतको सीमा अतिक्रमणबाट आफ्नो थातथलो गुमाउन पुगेका सुस्ताकासीहरू प्रधानमन्त्रीलाई भेट्न आउँदा भेट दिन नमान्नु, नेकपा क्रान्तिकारी माओवादी, देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको निरन्तरको दबाबमूलक आन्दोलन र अभियानका कारण नक्कली नक्सा प्रयोग नगर्न सरकारले सर्कुलर जारी गरेपनि कार्यान्वयन नहुनु, यहाँसम्म कि सरकारी निसान छापमा समेत कालापानी गायब पारिएको नक्सा अद्यावधि प्रयोग भइरहनुले पनि ओली सरकारले सीमा अतिक्रमणका विरुद्धमा अडान राखेर कुरा राख्ने र अतिक्रमित कालापानी सुस्ता लगायतका भूमि फिर्ता गराउने विषयमा जनता विश्वस्त हुन सकिरहेका छैनन् । तसर्थ, जारी आन्दोलनलाई अझ सशक्त बनाउनु पर्नेमा क्रान्तिकारी माओवादी लगायत सच्चा देशभक्त, प्रगतिशील, वामपन्थी तथा क्रान्तिकारी शक्तिले जोड दिएका छन् र आन्दोलन जारी राखेका छन् ।

## विचार...

क्रान्ति अपरिहार्य बनेको दाबी गर्नु भयो । वर्तमान दलाल पुँजीपति वर्गको सत्ताले यी समस्या समाधान गर्न नसक्ने भन्दै नेता गौरवले अब यो व्यवस्थाका विरुद्ध संघर्ष गर्न संगठित हुनुपर्ने विचार व्यक्त गर्नुभयो र भन्नुभयो, 'दुई तिहाईको ओली सरकार जनाघाती र राष्ट्रघाती भएकोले यसलाई सकेसम्म चाँडो फाल्न सके मात्र देश र जनताको हित हुनेछ ।'

पार्टी पोलिटब्यूरो सदस्य सागर, प्रवेश लगायतका नेताहरूले पार्टीको आसन्न प्रदेश सम्मेलनको बारेमा चर्चा गर्नुभएको थियो भने केन्द्रीय सदस्यहरू क्षितिज, बसन्त, भाष्कर, केस तथा भक्तपुर इन्चार्ज जीवन लगायतले पनि बोल्नुभएको थियो । सम्मेलनले ४ जना सदस्य पछि थप्ने गरी २१ सदस्यीय जिल्ला समिति गठन गरेको छ । नवनिर्वाचित समितिले विवेकलाई सेक्रेटरीमा चयन गरेको छ । सम्मेलनले ५ सदस्यीय जिल्ला सल्लाहकार समिति पनि चयन गरेको छ । नवनिर्वाचित कमिटिको तर्फबाट सम्मेलनमा सेक्रेटरी विवेकले प्रतिबद्धता मन्तव्य राख्नुभएको थियो भने कमिटिलाई प्रमुख अतिथि गौरवले बधाइ ज्ञापन गर्नुभएको थियो ।

## सीमा...

पटक सिमा विवाद हुने गरेको भन्दै कालापानीको बिबाद धेरै पहिलेदेखिको भए पनि अहिलेसम्म कुनै पनि सरकारले सिमा विवाद समाधान गर्न नसकेको दाबी गरे । नेता सुवेदीले राष्ट्रिय वाधीनता, सार्वभौमिकता, अखण्डता बचाउन र कालापानी लिपुलेक भूमिको रक्षा गर्नका लागि क्रान्तिकारी माओवादी जस्तोसुकै आन्दोलन गर्न तयार रहेको बताए ।

अखिल (क्रान्तिकारी)का केस केशव साउदले सञ्चालन गरेको कोणसभामा भारतीय विस्तारवादका विरुद्धमा चर्को नाराबाजी गरिएको थियो ।

## भारतले...

आउने पानीको परिमाणको आधारमा गंगोत्रीबाट निस्कने भागीरथीलाई नै गंगाको मूल मुहान मानिन्छ र यसबारेमा कुनै विवाद पाइदैन । त्यसरी नै काली नदी बेसिनको जलाधार क्षेत्रबाट बगी आउने रंगुन, चल्थी, सरयु, चौलानी, गौरीगंगा, धौलीगंगा, अपि, टिकर र लिपु जस्ता थुप्रै नदीहरूमध्ये नदीको लम्बाई, जलधार क्षेत्र तथा मुहानबाट आउने पानीको परिणामको आधारमा लिम्पियाधुराबाट बगी आउने कुटियाङ्दी (कुटी=कालो+याङ्दी=नदी) लाई नै काली नदीको मूल मुहान मान्नु पर्ने तथ्यलाई नकार्न जलश्रोत विज्ञानको हिसाबले कुनै प्रमाणहरूको बलियो आधार पाइदैन ।

*२) सर्वे नक्साको आधार :*

क) ब्रिटिश सर्भेयर जे.वी. टासिनले सन् १८३७मा कलकत्ताबाट प्रकाशमा ल्याएको नक्सामा नेपालको पश्चिमोत्तर सीमाको भौगोलिक आधार हेर्दा काली कुटीयाङदीको प्रवाह लिम्पियाधुरातर्फबाटै आएको देखाएको छ । त्यसैगरी १८५६ को सर्भे अफ इण्डियाको नक्सामा पनि लिम्पियाधुरातर्फबाट आउने कुटीयाङ्दीलाई नै मूल काली नदी भनी देखाईएको पाइन्छ ।

ख) अमेरिकाद्वारा तयार पारिएको हवाई उडानहरूलाई निर्देशित गर्ने नक्सामा समेत नेपाल, भारत र चीनको त्रिबन्ध सीमा क्षेत्रलाई “सीमा विवाद रहेको क्षेत्र” भनी देखाइएको पाइन्छ ।

ग) २०४५ सालमा महाकाली अञ्चल प्रशासनको पहलमा मालपोत र नापी शाखा समेत संलग्न रहेको टोलीको कालापानी क्षेत्रको स्थलगत भ्रमणपछि स्केच गरिएको नक्सामा समेत लिम्पियाधुराबाट आएको कुटी नदीलाई नै काली नदी भनि देखाएको पाइन्छ ।

घ) उपग्रहबाट खिचिएको तस्वीरमा पनि काली नदीको प्राकृतिक प्रवाह र पानी ढलो लिम्पियाधुरा तर्फबाटै आएको प्रष्ट देख्न सकिन्छ ।

**५) महाकालीको मुहान क्षेत्रमा भारतीय अतिक्रमण हुनुका अर्थराजनीतिक कारणहरू :**

१) सैनिक गतिविधि संचालन गर्न र आपूर्ति मार्ग निर्माण गर्ने जस्ता सामरिक महत्वका काम गर्न भारतलाई सजिलो पर्ने भारतीय फौजी निष्कर्ष ।

२) लिपु भञ्ज्याङ्ग हुदै तिब्बतको ताक्लाकोटबाट शुरु भई मानसरोबर र कैलाश पर्वत जस्ता प्रसिद्ध पर्यटकीय स्थलहरूको सुगम प्रवेश विन्दुको रूपमा सो क्षेत्र रहनु ।

३) अफगानिस्तान, कजाकिस्तान र तुर्किमिनिया हुदै क्यास्पियन सागरसम्म र त्यसमा जोडिएका बाकु बन्दरगाह माफत युरोपसँग पनि व्यापारिक सम्पर्क मार्गको प्रवेशविन्दु रहेको सो क्षेत्रलाई भारतीय स्वामित्वमा राख्ने प्रयत्न गर्नु ।

४) नेपाललाई पहिले देखि नै विभिन्न असमान सन्धिहरू मार्फत बन्धनमा राखी जलश्रोत हात पारे भै महाकालीको पूरै मुहान क्षेत्रमा कब्जा बढी जलाधार क्षेत्र र बढी पानीको दावी गर्ने भरतको प्रभूत्ववादी मनसाय रहनु ।

५) “भारतको सुरक्षा सीमा भनेको हिमालय हो” भन्ने नेहरूको दृष्टिकोणलाई भारतीय शासकवर्गले अध्यावधि कायम राख्नु ।

६) स्फटिक (पारदर्शी ढुंगा) जस्ता बहुमूल्य खनिज पदार्थका साथै बहुमूल्य हिमाली जडिबुटीहरूको प्रचुर भण्डारलाई दोहन गर्ने भारतीय नियत ।

७) नेपालको राणा जहानीय एवं पञ्चे शासकहरूका साथै बहुदल प्राप्तिपछि पनि राजनीतिक पार्टीहरूको नेतृत्वलाई विभिन्न सन्धिमार्फत आफ्नो दवावमा पार्न सफल विदेशी शक्ति केन्द्रहरूलाई खुसी पार्ने होडमा संलग्न रहेका नेपालका राजनीतिक पार्टीहरू र सरकारमा समेत समर्पणवादी र दासत्ववादी मनोवृत्ति रहनु ।

**६) नेपाल सरकारको दायित्व के हुनु पर्दछ ?**

१. सर्वप्रथम कालापानी लगायत महाकालीको मुहान क्षेत्रमा रहेका भारतीय फौजहरू अविलम्ब हटाउन सरकारले पहल गर्नुपर्दछ ।

२. ऐतिहासिक दस्तावेज र प्रमाणका आधारमा नेपाल, भारत र चीनबीचको सीमाविन्दुको निर्धारण गर्न महाकालीको नदीको मुहान निक्यौंल गर्न आवश्यक भएकोले सो काममा नेपाल-भारत चीन त्रिपक्षीय सहमतिका लागि तीनवटै सरकारलाई एकै टेबुलमा राखी वार्ताद्धारा सीमाना निक्यौंल गर्ने गराउने पहल नेपाल सरकारले गर्नु पर्दछ । साथै महाकालीको मुहानदेखि दोभानसम्म सम्पूर्ण पश्चिमी सीमाको वैज्ञानिक सीमांकन अविलम्ब गराउनु पर्दछ ।

३) नेपाल सरकारले सुगौली सन्धि सम्बन्धी ऐतिहासिक दस्तावेज, नक्सा एवं चिठी पत्रहरू अबिलम्ब सार्बजनिक गर्नुपर्दछ ।

४) दार्चुलाको गोकुलेदेखि खलंगा-छाडरु हुदै कालापानी तथा टिकरसम्मको मोटरबाटो निर्माण गर्ने र कालापानी एवं टिंकर क्षेत्रमा नेपाली सेनाको व्यारेक राख्ने तथा सीमा पुलिस र प्रहरी चौकीको स्थायी व्यवस्था गर्ने नेपाल सरकारले पहिलो प्राथामिकतामा राख्नुपर्दछ ।

५) उक्त क्षेत्रका जनतालाई चामल, नुन-तेल र अन्य खाद्यन्नका साथै दैनिक उपभोग्य वस्तुहरूको सस्तो र सुलभ आपूर्ति सरकारी निकायबाटै गरिनु पर्दछ ।

६) त्यस क्षेत्रका जनताको शिक्षा, रोजगारी तथा पशुस्वाथ्य सेवाको व्यवस्था गरी पशुपालन कार्यलाई प्रोत्साहन गर्ने र बहुमूल्य जडीबुटीहरूको संकलन र प्रशोधन गर्ने काममा जोड दिइनु पर्दछ ।

७) दार्चुला जिल्लाबाट मानसरोवर तथा कैलास पर्वत यात्रा गर्ने प्रवेश मार्गलाई आन्तरिक र वाह्य पर्यटकहरूका लागि खुल्ला गरी सो जिल्लालाई पर्यटकीय क्षेत्र घोषणा गर्नुपर्दछ ।

**७) उपसंहार**

विज्ञहरूको भनाई छ २००७ साल अघिसम्म नेपालका उत्तरी नाकाहरूमा भारतीय सेना बस्थ्यो । राणाशासनको अन्त्य पछि नेपालले उनीहरूलाई सीमाबाट हटायो तर कालापानीबाट भने हटाएन । चीनसँगको युद्ध भए पछि भारतले त्यहाँ आफ्नो सेना उतारेको थियो । राजा महेन्द्रले चीन र भारत वीचको युद्ध सकिएपछि कुरा उठाउने बचन दिए पनि उनले कालापानीबारे भारतसँग कहिल्यै केही बोलेन (डा. भेषबहादुर, कान्तिपुर, २०७६।०७।२२)। त्यसपछिको लामोसमयसम्म नेपालका शासकहरूले भारतसमक्ष मुख खोलेका छैनन् । यो लामो अवधिमा उसले त्यहाँबाट नहट्ने खालका कागजपत्र तैयार गरिसकेको हुन सक्छ । भारतको खुफिया विभागबाट संचालीत यहाँका नेता र कर्मचारीहरूबाट उसलाई बाधा पार्ने कागजात नेपालबाटै गायब गराईसकेको हुन सक्ने विज्ञहरूको तर्क कम्जोर छैन । यस बखत संसदका ऐलेको देखावटी पक्ष प्रतिपक्षको विरोधले भारत त्यहाँबाट “हट्नेवाला”छैन । नेपाली जनताको सशक्त प्रतिरोधबाट मात्र भारतीय विस्तारवादलाई पछि हटाउन सकिन्छ । ने.क.पा. (क्रान्तिकारी माओवादी) सँधै अग्रपंत्तीमा रहन्छ ।

*srtamang@gmail.com*

हार्दिक शुभकामना

शुभदीपावली तथा छठ पर्व २०७६ को अवसरमा
सम्पूर्ण नगरवासीहरू तथा देश विदेशमा रहनु हुने नेपाली
दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक शुभकामना ।

**वडाध्यक्ष– प्रकास खड्का**
**काठमाडौं महानगरपालिका वडा नं. १० कार्यालय परिवार**
काठमाडौं

हार्दिक शुभकामना

शुभदीपावली तथा छठ पर्व २०७६ को
अवसरमा सम्पूर्ण ग्राहकवर्गमा
सुख, समृद्धि तथा उत्तरोत्तर प्रगतिको
हार्दिक शुभकामना ।

**सेञ्चुरी कमर्सियल बैंक परिवार**
टिकापुर , कैलाली

हार्दिक शुभकामना

शुभदीपावली तथा छठ पर्व २०७६ को
अवसरमा सम्पूर्ण ग्राहकवर्गमा
सुख, समृद्धि तथा उत्तरोत्तर प्रगतिको
हार्दिक शुभकामना ।

**नवजीवन को-अपरेटिभ्स लिमिटेड**
टिकापुर , कैलाली

हार्दिक शुभकामना

शुभदीपावली तथा छठ पर्व २०७६ को
अवसरमा सम्पूर्ण ग्राहकवर्ग तथा उपभोक्ताहरूमा
सुख, समृद्धि तथा उत्तरोत्तर प्रगतिको
हार्दिक शुभकामना ।

**महेन्द्रा ट्र्याक्टर्स परिवार**
लम्की, कैलाली

हार्दिक शुभकामना

शुभदीपावली तथा छठ पर्व २०७६ को
अवसरमा सम्पूर्ण वन उपभोक्ताहरूमा सुख, समृद्धि
तथा उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना ।

**रानी कर्णाली वनउपभोक्ता समिति**
टिकापुर, कैलाली

**सम्पूर्ण वडावासीहरूमा अनुरोध**

**पञ्जीकरणसम्वन्धी व्यवस्थाको सूचना**

१. जन्म, मृत्यु, बसाईसराई , विवाह एवम् सम्वन्धविच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
२. जन्मदर्ता बालबालिकाको नैसर्गिक अधिकार हो , जन्मेको ३५ दिनभित्र आफ्नो स्थानीयनिकायमा जन्म दर्ता गरौं ।
३. जन्म र मृत्यु दर्ताको सुचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको सदस्यले दिन सक्ने छ ।
४. विवाह दर्ताको सुचना पति र पत्नी दुबैले उपस्थित भई दिनु पर्नेछ ।
५. बसाईसराई दर्ता व्यक्ति सरी गएको वा आएको व्यक्ति स्वयंले परिवार सरी गई आएकोमा परिवारको मुख्य व्यक्तिले दर्ता गराउनु पर्नेछ ।

**दिनेश लामा**
२ नं. वडा कार्यालय
**चौँरी देउराली गाउँपालिका**
काभ्रेपलाञ्चोक

हार्दिक शुभकामना

शुभदीपावली तथा छठ पर्व
२०७६ को अवसरमा सम्पूर्ण नगरवासीहरू
तथा देश विदेशमा रहनु हुने नेपाली
दाजुभाइ तथा दिदीबहिनीहरूमा
हार्दिक शुभकामना ।

*जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना समयमै दर्ता गरौं*

**व्यक्तिगत दर्ता कहाँ गर्ने ?**

जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्बन्धविच्छेद जस्ता व्यक्तिगत घटनाहरू घटना घटेको३५ दिनभित्र आफू बस्ने नगरपालिका वा गाउँपालिकाको स्थानीय पञ्जिकाधिकारीकहाँ गई दर्ता गराउनु हुन अनुरोध गर्दछौं ।

*"यस नगरभित्रका सम्पूर्ण नागरिकहरूले समयमा नै कर तिरौं , आ-आफ्नो टोल सरसफाई गरौं"*

**प्रकाश अधिकारी**
**नगरप्रमुख**

**टोखा नगरपालिका कार्यालय परिवार**
टोखा, काठमाडौं

हार्दिक शुभकामना

शुभदीपावली तथा छठ पर्व २०७६ को
पावन अवसरमा हाम्रा सम्पूर्ण उपभोक्ता
एवं शुभेच्छुकहरूमा सुस्वास्थ्य, समृद्धि तथा
दिर्घायुको हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।

*"प्रशोधित दुध पिऊँ, स्वस्थ र खुशी रहौं ।"*

**राष्ट्रिय दुग्ध विकास बोर्ड परिवार**
हरिहरभवन, ललितपुर

# नखाउँ जीवनभरिको सिकार, खाउँ सन्तानकै अनुहार



• जगत श्रेष्ठ •

**नेपाल आफ्नो बनाउन अनेक हतकण्डा मध्ये अब तराईमा ७ फिट अग्लो (उँचो) ११ मिटर चौडाइको बाँध बाँध्न सुरू गरेको र सिङ्गो तराइ नेपाल पोखरी बनाइ नेपाली उठ्नै पर्ने संसारैमा नपाइने नेपालको मित्र भारतले बनाएको योजनाको नेपालको संसदीय समतिले सरकारलाई पेश गरेको ३ दिन भयो । हे नेपाली सन्तान एउटा छिमेकीले माया र ममताको निमित्त बास खेद्ने हर्कत संसारमा कतै पाइन्छ र ? यो कुरा सरकारको जिम्मा लिने निकायबाट समाधान हुँदैन । त्यसैले राष्ट्र जनताको हो । जनताको फैसला अन्तिम हुन्छ सम्पूर्ण नेपालीले कोसी बाँध ध्वस्त पार्न सक्नु यस्को निदान हो । यसबाटमात्र नदी नालाहरूको जगेर्ना हुन्छ**

म सम्बोधन गर्छु , हे मेरा सन्तान मानवरूपी प्राणी नेपाली ! यो समाजमा तेरो र मेरो भन्ने चलन छ कि छैन ? छातिमा हात राखेर भन्नुहोस् यो कोसी नदी कसको हो ? अझै दोहोर्‍याएर सोध्छु कोसी नदी कस्को हो ? नदी भनेपछि खोलाहरू बटुलिएर धेरै पानी जम्मा हुन्छ , अनि नदी बन्छ । खोला वा नदी देशको धेरै पानी पर्धैंरा , ताल , तलैया , सयौं खोल्सा र हिमालदेखि समेटिएर खोला अनि नदी बग्दछ । यी खोला नाला र नदी युगौंदेखि आफ्नो बाटो धार बनाएर बगिरहन्छन् । ठूलो वर्षा हुँदा यदाकदा आसपास फैलिन सक्छन् , नोक्सान पुर्‍याउने पनि गर्न सक्छन् । तर सनातन बग्ने पानीलाई थुन्ने , बार हाल्ने गर्दा बग्दै आउने झारपात , बोटविरुवा मुढाहरूले पनि नदी उकासिने हुन्छ । यसरी २०६५ सालमा कोसी व्यारेज थुनिएर बस्ती बगायो । नेपाली भूमि बगाएर हजारौं नेपाली सुकुम्बासी भए । तिन्ले न जग्गाको मूल्य पाए न गाँस र वासको व्यवस्था आजसम्म पाए । सहजरूपमा बाँचिराखेका नेपालीमाथि यो वज्रपात कसरी किन कसले गरायो ? के आकास आँफैं खस्यो ! के कोसी आँफैं बौलायो ? हैन , यो वज्रपात गर्ने ठुलो शक्तिराष्ट्र भारत हो ।

माथिको अनुछेदको यथार्थ बयान सुन्नुहोस नेपाली सन्तान ! माथि नै लेखी सकिएको छ , यो समाज तेरो र मेरोको छ । तेरो र मेरो विधि व्यवहार अनुसार भारत अलग राष्ट्र हो । नेपाल अर्कै स्वतन्त्र राष्ट्र हो । तुलनात्मक रूपमा नेपाल आर्थिक रूपले पछाडि परेको अनि बेहोसी र ताबेदार पनि हो । तेरो र मेरोको चलन अनुसार नै अहिलेको कोसी नदी भारतले एउटा सन्धिमा फसायो । सन्धि कस्तो छ ! जब तेरो र मेरोको हक अधिकार स्पष्ट छ भने सन्धि सम्झौतामा ठिक र बेठिकको भाषा स्पष्ट लेखिनुपर्छ । अथवा दुबै पक्षको र समाज समेतको चित्त बुझ्दो व्यवहार र कारोबार हुनुपर्छ । यहाँ त एउटा ताबेदारीमात्र चढाएको कुरा कहिल्यै नमेटिने गरि सन्धि गरिएको छ , किनभने वस्तुको मूल्य प्रधान हुन्छ । पानी भन्दा ठूलो संसारमै अर्को छैन । त्यस्तो प्रधान मुल्यलाई ताबेदारी बुझाउनु राष्ट्रियताको दृष्टिले यस्को कुनै अर्थ लाग्न सक्छ त ? नेपालको आफ्नै भुमिको , आफ्नै भूमिभित्र बग्दै गरेको पानी कोसी र गण्डकीले भारतको ६ लाख बिगाभन्दा बढ्ता सिँचाइ हुन्छ तर नेपालले २५ हजार बिगाहा भनेको छ । त्यो पनि पूर्णरूपले प्राप्त छ जस्तै देखिन्न । जस्तो कि नारायणी सिँचाइ पर्सा जिल्लातिर बग्ने पानीको कुलोको मुहान उँचो छ जब पानी लाग्दा चढ्न सक्तैन । जे होस् ६ लाख र २५ हजारको तुलना हुन सक्छ र ?

माथि भनिएको २०६५ सालमा बाढी पसेर बगाइएको बेग्लै खण्ड हो । साँचो अर्थमा सन् १९६५ साल (सुरुको) सन्धि भूमी तराईको मुख्य भूमी बेग्लै हो । सन् १९६५ सालको कोसी ब्यारेज बन्दाको सन्धिभित्र पर्ने जमिनको नै आजसम्म भारतले एक दाम नदिएर लाखौं बिगा सिञ्चिएर लाखौं खर्ब खाइसक्यो । भारतको मुख्य सिँचाई भूमि कोसी र गण्डकीको हो । विहार र यु.पि. सिङ्गो भारत मध्ये प्रमुख अन्नभण्डार हो जुन नेपाली पानी कोसी र गण्डकी नदीले दिएको छ ।

यहाँ बयान सिँचाइ मात्रको छ तर जसरी कोसी नदीहरूले सिँचाइको पहुँच पुर्‍याएको छ त्यसैगरी विद्युत् उत्पादन छ । कति मेघावाट् विद्युत उत्पादन छ त्यो आँकडा पङ्क्तिकारसंग छैन । तै पनि ६ लाख बिगा भन्दा ज्यादै सिँचाइ गर्ने पानीले ठुलै मात्रामा विद्युत् उत्पादन भएको छ भन्नै पर्छ ।

सन् १९६५ सालमा भएको कोसी सम्झौता भित्र पर्ने २०६५ साल विक्रम संवत्मा कोसी पसेर बगाइएका बाहेकका हुन् । यिनि इस्सवी संवत् १९६५मा भएको कोसी सन्धि कालमा उठाइएकाहरूको जग्गा जमिनको मूल्य नै आज सम्म भारतले दिएको रहेनछ । २७०६ सालदसाउन ३२ वा भाद्र १ देखि ती कोसी ब्यारेज निर्माणमा उठाइएका जनता धर्ना अनशन र पसारो परेर प्राण कै बाजी थापेर अलपत्र छन् । भन्नुहोस् ३ करोड नेपाली सन्तान , तेरो र मेरोको हक अधिकार कायम यो युगमा ६५ वर्ष अघि नेपालभन्दा अलग राज्य भारतले नेपालको पानी थुनी सिँचाइ र विद्युत् उत्पादन गर्न आफ्नो जमिन ,घर ,वास र गाँस नै छोडी भारतलाई दिएको तेरो र मेरोको हक अधिकारको मूल्य नै ६५ वर्षसम्म पाएका रहेनछन् । नेपाली काँङ्ग्रेसको सर्वमान्य नेता विश्वेश्वर प्रसाद कोइरालाका दाजु मातृका प्रसाद कोइरालासङ्गको सन्धि सम्झौता हो कोसी सम्झौता । यो सम्झौता यता नेपालमा कति दर्जन प्रधानमन्त्री बने खोइ कुन चाँहिले भारतले अबौं खर्बौ आर्जन गर्न बिल्लिबाठ बनाएका नेपालीको जगेर्ना गरे ? देस अर्थात् राष्ट्र जनताको हो । नेता अथवा प्रधानमन्त्रीहरू व्यक्ति हुन् । यस्ता व्यक्तिहरू तावेदारी नै रुचाउदा रहेछन् । राष्ट्रको प्रधानमन्त्रीहरू भनिए पनि यस्ता मान्छेहरू जनताका मान्छे नहुँदा रहेछन भन्नेमा प्रष्टै छन् कोसी पीडित । त्यसैले प्रश्न सधैं खडा रहन्छ नेपाली नागरिकहरू जनताको हैसियतले के जवाफ छ ? तुरुन्तै खोजिरहेछ । प्रष्ट छ भारत यो अपराधमा थप अपराधको नियत खुत्रुकेमा बटुलि बसेको छ ।

अङ्ग्रेजको बुटले कुल्चि राखेकै अवस्थामा पनि उसको इर्ष्या र द्वेष छातीभित्र हत्केलाले ठेली राखेको थियो भन्ने कुरा अनगिन्ति उदाहरण छन् । कि त यस्तो द्वेष र इर्ष्या हो त भने उ (भारत) २ सयवर्ष गोराको जुठो पुरोमा लटपटिनु पर्‍यो तर नेपाल आफ्नो सामर्थ्यले स्वतन्त्र र चोखो रह्यो । भारतीय शिर्ष नेतृत्वमा सुचिन्ता , स्वच्छ चिन्तन , अपराधी भावना नभै दिएको भए आफ्नो पीडाको उपदेश सहयोग , छिमेकको मित्रता गाढा बनाउनतिर लाग्नु पर्थ्यो तर ठिक उल्टो , उ मुक्त हुनासाथ एउटा निर्दोष कमजोर छिमेकीलाई घाँटीमा सुर्केनी पासो हाल्यो १९५०को सन्धिद्वारा । अर्को कालकुटको जाल हाल्यो उत्तरी २५/२६ नाकामा उस्को सेना तैनाथ ।

नेपालको पानी नदी नाला आफ्नै बपौती ठानेर पोल्टा पार्नु तर नदीको कब्जा हो सम्पत्तिको हकदारले पाउनु पर्ने आधिकारिक मान्यता र मुल्य सून्य बराबरै हो । भारतले कुन अधिकारले नेपालमाथि नाकाबन्दी लगाउने गर्‍यो ? जबकि राष्ट्र अलग अलग छ । २०२७ सालमा नाकाबन्दी ,२०४४सालमा १८ महिना नाकाबन्दी विना हिचकिचाहट गर्‍यो । २०६७ सालमा नरेन्द्र मोदीले संविधान कब्जा गर्न दिएन भनि ५ महिना नाकाबन्दी गर्‍यो ।

छर्लङ्ग र उदाङ्ग रूपमा भारतले नेपाल एकदिन आफ्नै बन्छ भन्ने प्रमाण हो भू.पू. राजा वीरेन्द्रले आफ्नै राज्याभिषेकको समारोहमा विश्वका प्रमुख देश र व्यक्तिहरू निम्त्याउदा सबै सामु एउटा प्रस्ताव राखे । प्रस्तावको अर्थ थियो नेपाललाई शान्तिक्षेत्रको मान्यता प्राप्त होस् भन्ने माग । भारत सरहका छिमेकी चिनले त्यो प्रस्तावमा विना आनाकानी सहि गर्‍यो विश्वको सवैशक्तिमान ठान्ने अमेरिकाले पनि सहि गर्‍यो । यसरी ११६ राष्ट्रले सहि गरेको प्रस्तावमा एउटै भारतले सहि गरेन । हे नेपाली सन्तान सोच्नु होस , गम्भिरतापूर्वक मनन गर्नुहोस् । त्यो प्रस्तावमा भारतले सहि नगर्नुको कारण के हो ? यदि भारतले नेपाल आफ्नै बनाउने दाउ छैन भने त्यो प्रस्तावमा सहि नगर्नु प्रति आजसम्म राजपाट चलाउँदै आएका कुनै एउटाले गौर गरेका हामी पाउँछौं त ? छैन पटक्कै छैन । त्यसैले नेतागण अथवा राज्यको हालीमुहाली गर्दै आएका कुनै एउटाको चेत त्यो प्रस्तावमा सहि नगर्ने भारतप्रति घुसेको पाउँदैनौं बरु विनाकारण एउटा स्वतन्त्र देशमाथि नाकाबन्दी थोपरेको र मुक्त गरी दिएको भोलिपल्ट , अब बाँचियो , हेर है पाप्रो बसेको घाउमा नकोट्‍ट्याउ है ! भन्ने आवाज पो गुञ्जिन थाल्यो हर्जानाको .... गर्नु पर्ने कुरामा उल्टै अब भारतलाई कसरी खुसाउने ? भन्ने नेतागणको प्रतिस्पर्धा नै छ अझै । त्यसैले हे नेपाली सन्तान नेपालका मालिक तपाइ जनता हुनुहुन्छ । राष्ट्र बचाउने र मर्न दिने तपाई जनता नै हो ।

भारतले नेपालमाथि आफ्नो दाउ नसाँचेको भए नेपाली भूमिमा सेना किन तैनाथ गर्‍यो ? लिपुलेक कुन नाताले खल्तिमा हाल्यो ? २१ हजार बिगा सुस्ता अतिक्रमण गर्दै ४ हजार पुगेको छ । तैपनि नेपाली घिसार्न छोडेको छैन ।

दसदिन अघि मात्र नेपाली कांग्रेसका नेता प्रदिप गिरिले नेपाल सिक्किम बनाउँछ भारतले भनी एउटा गम्भिर वाक्य प्रकासन गरे । नेपाली काँङ्ग्रेसका नेताले यसरी निर्धक्क भएर बोलेको पङ्क्तिकारको नजरमा पहिलो हो झैं लाग्छ । अर्ध उपनिवेशबाट नवउपनिवेशकै अवस्थामा अब नेपाली जनतालाई पनि चुनौती बनेको छ । नेपाली भएरै बाँच्ने कि भारतीय बन्ने ?

यो पङ्क्तिको समापनतिर पुग्नै लाग्दा थप वज्र बज्रिन पुगेको छ जुन उल्लेख गर्नै पर्‍यो । नूपाल नेपालीको ठानिदै त आएकै छ । भारत एउटा कतै नपाइने मित्र र छिमेकि भनिँदै आएकै छ । कतिसम्म मित्र भने अब आउने संविधान दिवसको प्रमुखअतिथि नै भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी घोषणा भै सकेको छ । त्यो मित्रले आफ्नो बनिबनाउको निमित्त बनाइएको कोसी बाँध बाँध्दा उठाइएका नेपालीको आज ६५ वर्षसम्म मूल्य नै नदिएर लम्पसार परि सत्याग्रह गरिरहेको शिर्षकबाट सुरु भएको यो पङ्क्तिको अन्त्यमा त्यस्तै खतरनाक हल्ला लेख्नु पर्ने कुरो पर्न आयो ।

नेपाल आफ्नो बनाउन अनेक हतकण्डा मध्ये अब तराईमा ७ फिट अग्लो (उँचो) ११ मिटर चौडाइको बाँध बाँध्न सुरु गरेको र सिङ्गो तराइ नेपाल पोखरी बनाइ नेपाली उठ्नै पर्ने संसारैमा नपाइने नेपालको मित्र भारतले बनाएको योजनाको नेपालको संसदीय समतिले सरकारलाई पेश गरेको ३ दिन भयो । हे नेपाली सन्तान एउटा छिमेकीले माया र ममताको निमित्त बास खेद्ने हर्कत संसारमा कतै पाइन्छ र ? यो कुरा सरकारको जिम्मा लिने निकायबाट समाधान हुँदैन । त्यसैले राष्ट्र जनताको हो । जनताको फैसला अन्तिम हुन्छ सम्पूर्ण नेपालीले कोसी बाँध ध्वस्त पार्न सक्नु यस्को निदान हो । यसबाटमात्र नदी नालाहरूको जगेर्ना हुन्छ । पुनर्गठन र नवीकरण हुन्छ । नेपालको १३ खर्ब २१ अर्ब व्यापार घाटा पूर्ति हुन्छ । उठ्नुहोस् ! ब्युझनुहोस् !! नेपाल बचाउने प्रण गर्नुहोस् !!!

---

## भारतद्वारा...

र प्रतिपक्ष दुवैले मुख खोल्न बाध्य भएकाछन्।

नेपालको बर्तमान सीमाको (आकार) नेपाल सरकार र तत्कालिन बृटिश(भारत सरकारको बिचमा २ डिसेम्बर, १८१५ मा हस्ताक्षरित र ๔ मार्च, १८१६ मा स्वीकृत भएको सुगौलि सन्धि मार्फत कायम हुन हुन गएको हो। त्यस बाहेक नेपाल र भारतको बिचमा सीमा सम्बन्धि व्यबस्थित किसिमले सन्धिरसम्झौता भएको छैन। तर बृटिश अधिपत्य बाट मुक्त भए पश्चात नेपाल र भारत स्वतन्त्र भएपछि नेपाल र भारत बिच ३१ जुलाई, १९५० मा सम्पन्न भएको शान्ति तथा मैत्री सन्धिको धारा ८ को प्रावधान अनुसार त्यस भन्दा पहिले भारतको तर्फ बाट बृटिश सरकार र नेपाल सरकार बिच भए गरेका सम्पूर्ण सन्धि, सम्झौता र सहमतिहरूलाई खारेज गरिएकोछ। (बर्तमानमा समेत सन १९५० को सन्धि पुनरावलोकनका लागि जनवरी २०१६ मा नेपाल र भारतको प्रवुद्ध व्यक्ति समुह (एमिनन्ट पर्सन्स ग्रूप) गठन भै उक्त समुहले तयार पारेको प्रतिवेदन पनि भारतकै कारण अलपत्र अवस्थामा रहेकोछ।) त्यस अनुसार नेपालको सीमा सुगौलि सन्धि भन्दा अगाडि कै अबस्था सम्म कायम हुनु पर्छ भन्ने तर्क पनि आउन सक्छ।

नेपाल संग सीमा जोडीएका निकटतम छिमेकी राष्ट्र वा देशहरू दुईवटा (चीन र भारत) मात्र रहेकाछन्। ती मध्ये चीन संग एकातर्फ (उत्तर) मात्र सीमा जोडिएको छ भने भारत संग तीनतर्फ (पूर्व, पश्चिम र दक्षिण) मा सीमा जोडिएकोछ। यी दुई छिमेकीहरू मध्ये चीन संग २१ मार्च, १९६० मा दुई देश बिच सिमा सम्बन्धि सन्धिमा हस्ताक्षर भएको थियो र पछि ५ अक्टूबर, १९६१ मा अनुमोदन भएको थियो। नेपाल र चीन बिचको १,४१४ किलोमीटर सिमा लाई सिमाङ्कन वैज्ञानिक ढंगले नियमन गर्ने काम सम्पन्न भएको थियो। अहिले नेपाल र चीनको बिचमा उल्लेखनीयरूपमा सीमा विवाद रहेको छैन। तर चीनले पनि भारत सित मिलेर नेपालको सहमति बिना नै भारत संग दुई देश बिच व्यापार प्रवर्धनका लागि नाथुला, किङ्गलारलिपुलेक भञज्याङ र शिपकिला लाई समावेश गरि १५ मे, २०१५ मा संयुक्त वक्तव्य जारी गरेको थियो जुन कुरो उक्त वक्तव्यको बुंदा नं. २८ मा उल्लेख गरिएकोछ। यसरी उत्तरी छिमेकी चिनले पनि नेपालको भौगोलिक अखण्डता प्रति कमजोरी देखाएकोछ। भारतले भने सन १९६२ देखि नै विगत (५७ बर्ष सम्म) देखि कालापानीमा आफ्नो सैन्य शिविर कायम गरेर कब्जा जमाईरहेकोछ। किनभने उस्ले कालापानी लाई रणनैतिक विन्दुकारूपमा लिएको छ र आफ्नो पकड कायमै राख्ने मनसाय प्रष्टै देखाउँदै आएको थियो।

नेपाल र भारतको बिचमा अधिकाशं भाग भौगोलिकरूपले सुगम रहेको १,७५८ किलोमीटर लामो खुला सीमा कायम छ। समथर तराई, पहाडी र हिमाली भूभाग भएर फैलिएको उक्त सीमा क्षेत्रको वैज्ञानिक ढंगले सीमाङ्कन र नियमन हुन नसकेका कारणले गर्दा त्यस अन्तर्गत ५४ भन्दा बढी स्थानहरू विवादित रहेकाछन्। त्यसतै कालापानी सम्बन्घि विवादलाई समाधान गर्ने प्रयोजनका लागि सन २०१४ मा दुवै देशका परराष्ट्र सचिव संलग्न रहेको सचिव स्तरीय संयन्त्र गठन भएको थियो। तर भारतीय पक्षले हददर्जाको अधैर्यता र गैरजवाफदेहिता प्रदर्शन गरेर एकतर्फि ढंगले कालापानी, लिपुलेक र लिम्पीयाधुरा लाई आफ्नो भू(भागमा गाभेर नक्सा तयार पार्ने काम गरिसकेकोछ। जबकि तत्कालिन जोनल अफिसर तथा जनगणना अधिकृत भैरव रिसाल ले वि. सं. २०१८ मा नेपाली भूमि भएकै कारणले कालापानी, लिपुलेक र लिम्पीयाधुरामा पुगेर जनगणना गरेर आएको बताईसकेका छन्। सुगौलि सन्धिले पनि त्यहिनै सीमा कायम गरेको थियो ।

निकटम छिमेकी हुनुको वाबजुद पनि नेपालको भारत सितको सम्बन्ध ऐतिहासिक रूपले नै असहज र असमान प्रकृतिको रहँदै आएकोछ। त्यो कुरा दुई देशको सीमा विवादको विषय संग मात्र सीमित रहेको छैन बरु अन्य कैयौं असमान सन्धिरसम्झौतहरू संग समेत जोडिएका छन् । अहिलेसम्म नेपालको राज्यसत्ताको बागडोर सम्हाल्न पुगेका सबै पक्ष र तत्वहरूले आफ्नो सत्ता र निहित स्वार्थ रक्षा र उदेश्य पूर्तिका लागि भारतीय सत्ता र शासक वर्गको चाकरी र दलाली गर्नमा प्रतिस्पर्धा नै गर्दै आएका छन् । जङ्ग बहादुर राणाले बृटिश ईष्ट इण्डिया कम्पनी विरुद्ध उठेको सिपाही बिद्रोह (सन १८५७(५८) दबाउन आफै सेना लिएर लखनउ लुटमा सामेल भएर गुण लगाएका थिए। राजा त्रिभुवनले २००८ साल असोज ७ गते भारतीय नागरिक गोविन्दनारायण लाई दरबारको सेक्रेटरी नै नियुक्त गरेका थिए। राजा महेन्द्रले निरङ्कुश तानाशाही पञ्चायती व्यबस्था लाई भारतीय सत्ता र शासक वर्गको समर्थन प्राप्त गर्न कालापानीमा (सन १९६२) भारतीय सैनिक क्याम्प राख्न दिएका थिए। नेपाली कङ्ग्रेसले कोसी (२५ अप्रैल,१९५४), गण्डक (सन १९५९) हुंदै टनकपुर सम्झौता (डिसेम्बर १९९१) गरेको थियो। तत्कालिन नेकपा (एमाले) ले समग्र महाकाली प्याकेजको सम्झौता (सन १९९६) गर्यो र त्यसको प्रखर वकालतकर्ता बर्तमान प्रधानमन्त्रि के. पी. ओलि नै थिए साथै उन्ले नेपाल लाई प्रचुर मात्रामा फाईदा हुने बताएका थिए। तत्कालिन एनेकपा (माओवादी) ले माथिल्लो कर्णाली (सन २००८) सम्झौता गरेको थियो। त्यसप्रकारको राष्ट्रघाति एवं जनघाति कार्य गर्ने क्रम आज पर्यन्त कायमैछ। त्यसैले भारतलाई उस्को विस्तारवादी महत्वकांक्षा पूरा गर्न र नेपालको सार्वभौमिकता, स्वाधीनता एवं अखण्डता प्रति हेपाहा एवं मिचाहा नीति र प्रवृत्ति अपनाउन भरपुर योगदान र पुन दिने नेपाली शासक वर्गहरू नै हुन भन्ने कुरो छर्लङ्गै छ। अतस् भारतीय विस्तार द्वारा कालापानी, लिपुलेक र लिम्पियाधुरा समेतको नेपाली भू(भागमा सीमा अतिक्रमण गरि भारतमा गाभ्ने जुन हर्कत गरेकोछ त्यसका पछाडिको कारक तत्वकारूपमा भारतीय विस्तारवादी शासक र नेपालका कथित राष्ट्रवादी एवं राष्ट्रघाती शासकहरूको बिचको अन्तरसंबन्धले काम गरेको कुरा सुस्पष्ट रहेकोछ र देखिएकोछ।

अहिले राजनीतिकरूपले विभाजित भएर रहेका देशरराष्ट्ररराज्यहरू वास्तवमा मानव श्रृजित कृत्रिम विषय भएता पनि ती मानव समाज विकास क्रममा उत्पन्न भएका जटिल ऐतिहासिक संरचनाहरू हुन्। देशरराष्ट्ररराज्यहरू बिचको सीमा विवादले त्यहांका जनताहरूका साथै राजनीतिलाई समेत विभाजित गर्दछ। त्यसैले देशहरू बिचको सीमाको मुद्दा अत्यन्तै संवेदनशिल बिषय हो र त्यसले तनाव र विवाद तर्फ अग्रसर बनाउंछ। त्यति मात्र होईन सीमा विवादका कारणले देशहरूका बिचमा वैमनश्यता बढाएर युद्धको अवस्था उत्पन्न गराउन सक्दछ र गराएकोछ। त्यसतो अवस्थाको श्रृजना हुनु भनेको ध्वंसात्मक स्थितिलाई निम्त्याउनु हो। सबैभन्दा उत्तम निकास भनेको सम्बन्धित पक्षहरूका बिचमा सम्वाद र वार्ताको बाटो हो। नेपाल र भारत बिचको असमान सामरिक सामर्थ्यको परिप्रेक्ष्यमा द्वन्द नभएर कुटनीतिक एवं राजनीतिक पहल नै सर्वोत्तम विकल्प हो। सम्वाद र वार्ताको लागि आपसी विश्वासको वातावरण निर्माण गर्न मध्यस्थ कर्ताको आवश्यकता समेत अपेक्षित हुन्छ। त्यसको लागि दुवै पक्षलाई मान्य हुने तेस्रो पक्षलाई संलग्न बनाउन सकिन्छ।

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले राष्ट्रीय स्वाधीनता र भारतीय पक्ष द्वारा गरिएको सीमा अतिक्रम लगायतका विषयलाई लिएर गत वर्ष ७ फाल्गुण, २०७६ देखि १५ दिन लामो मेची(महाकाली राष्ट्रीय जनजागरण अभियान चलाएको थियो। त्यो अभियानको दौरानमा भारत द्वारा प्रकाशित गरिएको र नेपाल सरकारले निर्लज्ज ढंगले प्रयोग गर्दै आएको नेपालको नक्कलि नक्साको बारेमा व्यापकरूपमा सचेत गराउनु र प्रयाप्तरूपमा भण्डाफोर गर्ने काम भएको थियो । त्यतिखेर पाखण्डि राष्ट्रवादको मुखुण्डो भिरेको राज्य सत्ताले देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले राष्ट्रीय स्वाधिनताको पक्षमा उठाएको त्यो बुलन्द आवाजलाई नजरअन्दाज र वेवास्ता गरेको थियो। त्यसैगरि त्यो भन्दा अगाडी लिपुलेक लाई व्यापारिक नाका बनाउने चीन र भारतको संयुक्त वक्तव्यको बिरोध गरेर भारतीय र चीनियां दुतावासमा विरोध(पत्र दिएको थियो। आज भारतीय विस्तारवादले पुनः घाटी अठ्याउन आएपछि नक्कली राष्ट्रवादको ढ्वाङ फुकेर राष्ट्रघाति कुकृत्य गर्ने सबैखाले तत्वहरू निस्सासिए जस्तो गरेर उच्छ्वाश फालेकाछन्। तीनिहरले विगत र बर्तमानमा गरेका गम्भिर प्रकारकारका राष्ट्रघाती एवं जनघाति कार्यको भण्डाफोर गर्नु पर्दछ। अब यसप्रकारको संगिन घडीमा सम्पूर्ण सच्चा राष्ट्रवादी, जनवादी, संघीय जनगणतन्त्रवादी शक्ति र संगठनहरू एकजुट भएर राष्ट्रीय स्वाधिनताको रक्षा एवं भारतीय विस्तारवादद्वारा हड्पेको भूभागको फिर्ताको लागि निर्णायक संघर्षको दिशामा अगाडि बढ्नु पर्दछ ।

## संसदीय...

रोजगार र सामाजिक सुरक्षाजस्ता आधारभूत विषयहरू लागु भएका छैनन् । लागु हुने छेकछन्द पनि छैन । वर्तमान व्यवस्थामा उल्लेखित जनअधिकार सुरक्षित हुने कुनै सम्भावना रहन्न ।

वर्तमान सरकारले आाफुलाई कम्युनिष्ट बताउने गरेको छ । दुईतिहाइको आडमा उनीहरूले शासन गरिरहेका छन् । के यो कम्युनिष्टहरूको सरकार हो छ ? म्भीर प्रश्नचिन्ह खडा भएका छन् । कमुनिष्ट व्यवस्थामा सम्पूर्ण सत्ता जनताको हातम हुन्छ । जनताको सम्पत्ति राष्ट्रको नाममा हुन् हुँदा भ्रष्टाचार हुने आधार र सम्भावना शून्राय हुन्छ । तर वर्तमान सरकारको पालामा इतिहासमै सबैभन्दा धेरै भ्रष्टाचाचर भएको छ । ३३ किलो सुनप्रकरण , एनसेल प्रकरण , वाइडबडी प्रकरणजस्तो भ्रष्टाचारका डरलागद्या काण्डहरू यहि सरकारको पालामा भएको छ ।

सरकारको नेतृत्व गरिरहेकै दलका नेताहरूको मिलेमतोमा बालुवाटार (ललितानिवास) , टुँडिखेल व, सिंहदरबारलगायत देशभरि सार्वजनिक सम्पत्ति भूमाफियाहरूले लुटपाट गर्छन् । कम्युनिष्ट व्यवस्थामा त यस्ता भ्रष्ट , दलाल र तस्करहरूलाई फाँसीको सजायँ हुन्छ । यससबाट पनि यी कुनै कम्युनिष्ट नभएर दलाल , भ्रष्ट , तस्कर र माफियिाहरूसङ्ग साँठगाँठ गरी लुट्न पल्केका संसद्वादी बुर्जुवाबबाहेक अरु केहि रहेनन् ।

यो सरकार गठन भएयता इतिहासमै सबैभन्दा बढी अपहरण , बलात्कार , हत्या , हिंसा र राज्यआतङ्क बढेको छ । निर्मलाहत्याकाण्डका अपराधी राज्यको आडमा नाचिरहेको छ । हत्या , हिंसाले सीमा नाघेको छ । सरकारी तथ्याङ्क अनुसार पनि यो वर्ष अपहरण पछि गरिएका हत्याको सङ्ख्या सबैभन्दा बढी छ । कम्युनिष्टहरू अन्याय , अत्याचार तथा उत्पीडनका सबैभन्दा कडा विरोधी हुन्छन् । तर यो सरकार गठन भएपछि जताका अधिकार खोस्न थाल्यो । प्रेस स्वतन्त्रतामा अङ्कुश लगाउन थाल्यो । जनताका स्वरहरूमा प्रतिबन्ध लगाउन थाल्यो । राजनीतक पार्टीहरूमाथि प्रतिबन्ध लगाउन थाल्यो । समग्रमा यो सरकार सामाजिक फाँसीवादी दिशातर्फ अगाडि बढिरहेको छ ।

कम्युनिष्टहरू अन्तर्राष्ट्रियवादी हुनछन् । तर राष्ट्रियताका सबैभन्दा ठूला पक्षपाती हुन्छन् । जनताको अधिकार र राष्ट्रिय स्वाधीनताकालागि सामन्तवाद वर साम्राज्यवादविरोधी लडाइ लड्छन् । तर यो सरकार कस्तो छ ? नेपालको लिपुलेक , लिम्पियाधुरा र कालापानी समेटिएको सामरिक महत्वको २७२ वर्गकिलोमिटर गायबपारीी भारतले बनाएर पठाएको राष्ट्रघाती नक्शा सिंहदरवारबाट स्थानी निकायसम्म निर्लज्ज प्रयोग गर्छ ।

देशभरी रातारात सीमास्तम्भहरू सारिँदा एकशब्द बोल्दैन । भारतबाट आयातित विषादीयुक्त तरकारी भारतीय राजदूतको एउटा चिट्ठीको भरमा नेपाल भित्र्याउँछ । यी र यस्ता तमाम हर्कतहरू यो कम्युनिष्टहरूको सरकार नभएकै कारण भएको हो भन्ने कुरा बुझ्न जरुरी छ ।

संसदीय व्यवस्थालाई स्वीकार गरेपछि कम्युनिष्टहरू कसरी राजनीतिक , वैचारिक र सांस्कृतिक हिसाबले समापत हुन्छन् ? भन्ने कुराको बलियो प्रमाणको रूपमा कृष्णबाहादुर महरा काण्डलाई लिन सकिन्छ । दशवर्षको बलिदानीपूर्ण सङ्घर्षको गौरवपूर्ण विरासत बोकेर आएका नेताहरूसमेत संसदीय व्यवस्थाको गोलचक्करमा फसेपछि फर्सी कुहिएकोजस्तै दुर्गन्धित बनेको योभन्दा ठूलो दोश्रो प्रमाण के हुन सक्छ र ? चुनाव जित्नैकालागि हतियार बनाउने क्रममा बम पड्केर घाइते भएका १३ जना मानिसलाई जिउँदै इट्टाको चिम्नीमा हालेर मार्ने मोहम्मद आफ्ताव आलमजस्ता हत्यारा र अपराधीहरू सत्ताको प्रतिनिधि बन्ने यो दलाल व्यवसीथामा जाने र आफुलाई कम्युनिष्ट भएको दाबी गर्नेहरू नत कम्युनिष्ट हुन सक्छन् नत सच्चा देशभक्त र न्याय समानताका पक्षधर नै हुन सक्छन् । तसर्थ सच्चा कम्युनिष्टहरू न संसद्वादी हुन्छन् न भ्रष्टाचारी र दलाल नै हुन्छन् । संसदीय व्यवस्थाको आडमा देश र जनतालाई लुथेर खानेहरू कुनै वामपन्थी , देशभक्त र कम्युनिष्ट क्रान्तिकारी होइनन् र हुनपनि सक्दैनन् भन्ने कुरा तमाम नेपाली जनताले बुझ्न जरुरी छ ।

## नेपालको...

क्याम्प राख्न कुनै अनुमति नदिइएको बताउँदै आएको छ ।

*लिपुलेक प्रकरण*

सन् १९९९ मा भारतीय विदेशमन्त्री जसवन्त सिंहको चीन भ्रमण भएको थियो । विदेशमन्त्री सिंहको भ्रमणमा लिपुलेकलाई व्यापारिक नाका बनाउने गरी भारत र चीनबीच सम्झौता भएको समाचार १९९९ जुन १८ को टाइम्स अफ् इण्डियाले छापेको थियो ।१ सो समाचार सार्वजनिक भएपछि नेपालमा त्यसको विरोध भएको थियो । त्यसपछि यस विषयमा १९९९ सेप्टेम्बर २ (२०५६ भदौ १७) का दिन रिपोर्टर्स क्लबले काठमाडौँमा अन्तर्क्रिया कार्यक्रम गरेको थियो । सो कार्यक्रममा नेपालका लागि चिनियाँ राजदूत जेङ जुबङले लिपुलेकबारे भारत-चीनबीच कुनै सम्झौता नभएको र टाइम्स अफ् इण्डिया'को समाचार झूटो एवं भ्रमपूर्ण भएको बताएका थिए ।

सन् २००५ अप्रिलमा चिनियाँ प्रधानमन्त्री वेन जियाबाओको भारत भ्रमण भयो । प्रधानमन्त्री जियाबाओको भ्रमणका बेला भारत-चीनबीच १२ ओटा सम्झौतामा हस्ताक्षर भयो । २००५ अप्रिल ११ मा भारत र चीनबीच हस्ताक्षरित सम्झौतामध्ये "Protocol between the Government of the Republic of India and the Government of the People's Republic of China on Modalities for the Implementation of Confidence Building Measures in the Military Field Along the Line of Actual Control in the India-China Border Areas" एक थियो । भारतीय विदेश सचिव श्यामशरण र चिनियाँ उप-विदेशमन्त्री वु दावेइद्वारा हस्ताक्षरित उक्त सम्झौताको दफा ५ (२) मा मध्य सेक्टरको लिपुलेक/च्याङ्ला भञ्ज्याङ र पूर्वी सेक्टरको किविथु-दामाईलाई "सीमा बैठक बिन्दु" विस्तार गर्ने सहमति भएको थियो ।

भारत र चीनबीच लिपुलेकलाई सीमा बिन्दु बिस्तार गर्ने सहमतिपछि २०६२ वैशाख २५ को नेपाल साप्ताहिकमा यसबारे पत्रकार सुधीर शर्माको लेख प्रकाशित भएको थियो ।३ नेपाल साप्ताहिकमा लिपुलेक सम्झौताबारे शर्माको लेख छापिएपछि परराष्ट्र मन्त्रालयले २०६२ वैशाख २७ (२००५ मे १०)गते विज्ञप्ति जारी गर्दै भारत र चीनबीच 'कालापानी'बारे कुनै सम्झौता नभएको जनाएको थियो । विज्ञप्तिमा लिपुलेकको नाम भने उल्लेख थिएन । २०६२ जेठ ८ (२००५ मे २१)को नेपाल साप्ताहिकले 'यही विषयमा सम्पादकीय लेखेको थियो । नेपाल साप्ताहिकको सोही अङ्कमा चीनका लागि पूर्वराजदूत राजेश्वर आचार्यको कालापानीसम्बन्धी लेख छापिएको थियो । त्यतिबेला देशमा प्रतिगमनविरोधी आन्दोलन चलिरहेका कारण यो मुद्दा दह्रो गरी उठ्न सकेन । राजनीतिक अस्थिरताका बीच लिपुलेक प्रकरण ओझेलमा पर्न गयो ।

लिपुलेकबारे भारतमा भने चर्चा जारी थियो । भारतीय संसद्मा २००७ मार्च १ का दिन सांसद अबु असिम आजमीले भारत-चीन सीमा व्यापारबारे प्रश्न गरेका थिए । सांसद आजमीको प्रश्नको जवाफ दिँदै विदेशमन्त्री प्रणव मुखर्जीले भारत र चीनबीच लिपुलेक, सिक्पिला र नाथुलाबाट सीमा व्यापार सञ्चालनमा रहेको र थप नाका विस्तारका लागि भारतले प्रस्ताव अघि सारेको बताएका थिए ।५ त्यसपछि सन् २०१४ सेप्टेम्बरमा चिनियाँ राष्ट्रपति शी जिनपिङको भारत भ्रमण भयो । राष्ट्रपति जिनपिङको भारत भ्रमणका बेला भारत र चीनबीच कैलाश-मानसरोवर यात्रीका लागि लिपुलेक र नाथुला नाका खोल्ने सहमति भयो । तर, त्यतिबेला पनि यो मुद्दा खासै उठेन ।

भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको चीन भ्रमणका क्रममा भारत र चीनबीच नेपालको लिपुलेक र लिपुसँगै जोडिएको च्याङ्ला/लिपुलेकलाई सीमा व्यापार नाका बनाउने सम्झौता भयो । २०१५ मे १५ (२०७२ जेठ १) जारी ४१ बुँदे संयुक्त विज्ञप्तिको बुँदा २८ मा "सीमा व्यापार, दुवै देशका बासिन्दाको तीर्थाटन र अन्य आदान-प्रदानका माध्यमबाट आपसी विश्वासलाई प्रभावकारीरूपमा प्रवर्द्धन गर्न सकिनेमा दुई पक्ष सहमत भएको, सीमालाई सहकारिता र विनिमय पुलका रूपमा विस्तार गर्दै सम्बन्धलाई अझ विस्तार गर्ने तथा व्यापार वस्तुको सूची वृद्धिका लागि वार्ता गर्न र नाथुला, च्याङ्ला/लिपुलेक र सिप्किलामा सीमा व्यापार बढाउन दुवै पक्ष राजी रहेको" कुरामा दुवै देशले सहमति जनाए । यद्यपि भारत-चीनबीच सन् १९५४ अप्रिल २९ का दिन व्यापारी र तीर्थयात्री लिपुलेक भञ्ज्याङबाट आवत-जावत गर्न सम्झौता भएको र भारतीय प्रधानमन्त्री राजीव गान्धीको चीन भ्रणका बेला (१९८८ डिसेम्बर १९-२३) थप सम्झौता भएको भनिएको छ । तर, यदि भारत-चीनबीच विगतमा नेपालको सहमति विना लिपुलेकसम्बन्धी कुनै सम्झौता भएको भए त्यसको कुनै अर्थ र औचित्य रहन्न । नेपालको सार्वभौमिकताविपरीत भएका त्यस्ता कुनै पनि सन्धि-सम्झौता नेपालका हकमा मान्ने र स्वीकार्य हुन्न । नेपाली भूमिबारे नेपालको सहमति, स्वीकृति विना विगतमा कुनै राष्ट्रले आफूखुशी गरेका गैरकानूनी सन्धि-सम्झौताहरूको कुनै वैधता हुँदैन ।

*महाकालीको मुहान लिम्पियाधुरा*

नेपाल-भारतबीचको पश्चिमी सीमा निर्धारण गर्ने मूल आधार सुगौली सन्धि हो । सुगौली सन्धिको धारा ५ अनुसार नेपालले महाकाली नदी पश्चिमको भूभाग छोडेको हो । सुगौली सन्धिद्वारा निर्धारित सीमारेखा फेरबदल हुने गरी -नयाँ मुलुक र शारदा-टनकपुर बाँध निर्माणमा सट्टा-पट्टा भएको जमीनबाहेक) नेपाल, ब्रिटिश-इण्डिया र स्वतन्त्र भारतबीच अरू कुनै सन्धि- सम्झौता भएका छैनन् । तर, महाकालीको उद्गमस्थल लिम्पियाधुरादेखि लिपुलेकसम्मको ३ शय ८५ वर्ग कि.मी. नेपाली भूमि भारतीय अतिक्रमणको चपेटामा परेको छ । ऐतिहासिक तथ्य-प्रमाण, नाप-नक्शा, जलविज्ञानका आधारमा महाकालीको उद्गमस्थल लिम्पियाधुरा पूर्वको सम्पूर्ण भूभाग नेपालको हो । लिम्पियाधुरा महाकालीको उद्गम देखाउने नाप-नक्शा, तथ्य-प्रमाण, पत्राचार, तिरो-तिरान, लालमोहर, इस्तिहार र सनद निम्नानुसार छन्ः

*पत्राचार*

सन् १८१७ फेब्रुअरी ४ का दिन ईष्ट-इण्डिया कम्पनीका कार्यवाहक मुख्य सचिव जे. आदमले काठमाडौँस्थित आवासीय प्रतिनिधि एडवर्ड गार्डनरलाई गभर्नर जनरलका तर्फबाट पत्र लेखेका छन् । सुगौली सन्धि भएको एक वर्षपछि लेखिएको यस पत्रमा आदमले गार्डनरलाई "काली नदीको पूर्वमा पर्ने ब्यास प्रगन्ना चौतरिया बम शाहको दाबीअनुसार नेपालको ठहरिन्छ, तसर्थ त्यो ठाउँ नेपाल सरकारका अधिकारीलाई बुझाउनु" भनी निर्देशन दिएका छन् । कम्पनी सरकारको उक्त आधिकारिक पत्रले सुगौली सन्धिअनुसार कालीको मुहान लिम्पियाधुरा र लिम्पियाधुरा पूर्वका कुटी, नावी, गुञ्जी, तिङ्कर र छाँगरु गाउँलाई नेपालको भूमि भनेर स्वीकारेको छ ।

*कुमाउँका प्रशासकलाई निर्देशन*

ईष्ट-इण्डिया कम्पनीका कार्यवाहक मुख्य सचिव जे. आदमले गभर्नर जनरलको तर्फबाट कुमाउँका कार्यवाहक कमिश्नर जी.डब्ल्यू. ट्रेललाई सन् १८१७ मार्च २२ मा अर्को पत्र लेखेका छन् । कालीपूर्व ब्यास प्रगन्ना र त्यहाँका भोटिया (ब्यासी-सौका) जमीनदारहरूको निवेदनसँग सम्बन्धित यस पत्रमा जे. आदमले कुमाउँका कमिश्नरलाई कालीपूर्वको ब्यास प्रगन्नासहितको भूभाग सुगौली सन्धिअनुसार नेपालको भएकाले ती गाउँहरू नेपाललाई सुम्पन भनेर लेखेका छन् । पत्रमा ब्यास प्रगन्नाका भोटिया जमीनदारहरूले ब्रिटिश शासनअन्तर्गत रहन पाउँ भनी निवेदन दिए पनि सुगौली सन्धिअनुसार ब्यास प्रगन्ना, त्यहाँका गाउँ र जमीन नेपालको भएकाले ब्रिटिश सरकार त्यहाँका जमीनदार र बासिन्दालाई आफू मातहत पार्न जतिसुकै इच्छुक भए पनि नसक्ने बेहोरा उल्लेख छ । कम्पनी सरकारको यस आधिकारिक निर्देशनसहितका पत्रहरूले काली पूर्वका कुटी, नावी, गुञ्जी, छाँगरु, तिङ्कर गाउँहरू नेपाल सरहदभित्र रहेको तथ्य निर्विवाद छ ।

*तिरो-तिरान*

मालपोत कार्यालय, बैतडीमा छाँगरु, तिङ्कर, गुञ्जीका बासिन्दाले विसं. १९६२ असार १८ तथा १९९३ चैत २० सम्म तिरो-तिरान गरेका दुर्लभ अभिलेखहरू भेटिएका छन् । विसं. १९९७ मंसिर २७ गते खड्ग निशाना भएको तिरो-तिरानसम्बन्धी मोठ बैतडी मालमा अझै सुरक्षित छ । सुगौली सन्धिले कालीलाई सीमा नदी निर्धारण गरेपछि कालीपूर्वको ब्यास क्षेत्रका यी गाउँहरूबाट विसं. १९९७ सम्म पनि नेपालमा तिरो-तिरान हुँदैआएको र नेपाली प्रशासनअन्तर्गत रहेको कुरा पुष्टि हुन्छ ।

*लालमोहर-इस्तिहार-सनद*

कम्पनी सरकार र नेपालबीच सन् १९२० मा शारदा ब्यारेज निर्माणका लागि सम्झौता हुँदा तत्कालीन प्रधानमन्त्री चन्द्रशम्शेरले महाकालीको उद्गम लिम्पियाधुराबारे कुरा उठाएका थिए । राणाकालमा बैतडी अन्तर्गतको तत्कालीन ब्यास गर्खाका बासिन्दाका नाममा जारी लालमोहर-इस्तिहार-सनदहरू गुञ्जी, नाबी, तिङ्कर र छाँगरुवासीहरूसँग अझै सुरक्षित छन् ।

*जनगणना*

नेपाल सरकारले विसं. २००९ मा पूर्वाञ्चल र २०११ मा पश्चिमाञ्चलमा जनगणना गरेको थियो । हालको दार्चुला तत्कालीन बैतडी जिल्लाअन्तर्गत थियो । बैतडीअन्तर्गतको तत्कालीन ब्यास गर्खा (दरा)मा ६ ओटा गाउँहरू थिए । २०११ को जनगणनाले ब्यास गर्खाका ६ ओटा गाउँको घरधुरी संख्या ४ शय ३४ तथा कूल जनसंख्या १,८१६ देखाएको छ । २०१८ सालमा ब्यास क्षेत्रका गुञ्जी, नावी, कुटी, तिङ्कर र छाँगरु गाउँहरूको जनगणना वरिष्ठ पत्रकार भैरव रिसालको मातहत भएको थियो ।

*जलविज्ञानका आधारमा कालीको मुहान*

कुन नदी मूल र कुन सहायक भन्ने कुराको टुङ्गो नदीको लम्बाई, नदीले ओगटेको जलाधार क्षेत्र, नदीमा रहेको पानीको मात्रा, नदीको गहिराई र नदीको क्रमाङ्कका आधारमा लगाइन्छ । सबैभन्दा ठूलो जलाधार ओगटेको, अरू सहायक नदीभन्दा लामो दूरीबाट बगेर आउने, सहायक नदीहरूभन्दा पानीको मात्रा बढी भएको र गहिरो नदीलाई जलविज्ञानका आधारमा मूल नदी मानिन्छ । लिम्पियाधुरा उद्गमित काली नदीको पानीको आयतन बढी भएको, जलाधार क्षेत्र पनि ठूलो भएको, अन्य सहायक नदीहरूभन्दा टाढाबाट बगेर आउने र गहिरो भएकोले काली नदीका रूपमा रहेको छ ।

*अन्तमाः*

लिपुलेक, कालापानीदेखि लिम्पियाधुरासम्मको नेपाली सार्वभौम भूभाग आफूतिर पार्ने गरी भारत सरकारद्वारा जारी गरिएको पछिल्लो नक्शाप्रति नेपाल सरकारले औपचारिक रूपमा कडा विरोध जनाउँनु पर्दछ । भारतले बिगत एकदशक यता नेपाल-भारतबीच संयुक्त रूपमा बनाइएको भनिएका सीमा नक्शा (स्ट्रीप म्याप) मध्ये सुस्ता र कालापानीको नक्शाबाहेक अरुमा हस्ताक्षरका लागि नेपाल सरकारलाई बारम्बार दबाब दिँदै आएको छ । स्ट्रीप म्यापमा नेपालको असहमतिकै कारण हस्ताक्षर हुन सकेको छैन । तसर्थ नेपाल सरकारले भारत द्वारा हालै जारी नक्शाप्रति औपचारिक विरोध जनाउँदै भारत चीनबीच भएको लिपुलेक सम्झौता खारेजी, कालापानी-लिपुलेक क्षेत्रमा तैनाथ भारतीय फौजको फिर्ती र लिम्पियाधुरालाई नेपाल-भारत र चीनबीचको त्रिदेशीय बिन्दू कायम गराउन कूटनीतिक तहबाट आवश्यक कदम चाल्नु जरुरी छ ।

*(twitter @ratanji कालापानी-लिपुलेक सीमा अतिक्रमण सम्बन्धमा लेखक रतन भण्डारीको "अतिक्रमणको चपेटामा लिम्पियाधुरा-लिपुलेक" २०७३ सालमा प्रकाशित छ । )*








आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**खोटाङ यातायात प्रा.लि.**

काठमाडौंबाट- **हलेसी,**
ऐसेलुखर्क, बाक्सीला, भोजपुर,
ओखलढुंगा, सोलु जानु परेमा
हामीलाई सम्झनुहोस् ।

**सम्पर्क–**
कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

**रोयल बुईपा A/C जम्बो हाईस**

गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

| काठमाडौं सम्पर्क नम्बर | | गाईघाट सम्पर्क नम्बर | |
|---|---|---|---|
| बसन्त खड्का | ९८४२८३७७९३ | फोन नं. | ०३५-४२१६४३ |
| | ९८१७७१९६९७ | पुरुषोत्तम खनाल | ९८५२८३५६९० |
| ईन्द्र कट्टेल | ९८१८४१५२९० | | ९८१५७८४८७४ |

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

**हिमाल-तराई यातायात सेवा समिति**

रिभर्ज चाहिएमा सम्पर्क
सानोभाई थापा - ९८४४२५२३८५

**सानोभाई फलफूल एण्ड जुस भण्डार**
सिन्धुली जुनार भवन
९८४४०७६२६१
९८०३९२८४३०

**टाटासुमो बोलेरो**

| काठमाडौं फोन | सिन्धुली फोन |
|---|---|
| ०१-५१००४९४ | ०४७-५२११६९ |
| ९८४११०६९६७ | ०४७-६९१३३२ |
| ९८४४४०३१५९ | ९७४४०२२७३५ |
| | ९८४४२५२३८५ |
| | ९८१२०७५६९८ |
| | ९८६०१०२७३७ |
| | ९८४४००८४०० |

यहाँ सिन्धुलीबाट धुलिखेल, बनेपा हुँदै कोटेश्वर, चाबहिलसम्मको टिकट पाइन्छ ।

## आलोपालो

# संसदीय व्यवस्था र कम्युनिष्ट भन्नेहरूको सरकार-२



● अशोक शर्मा ●

सम्पूर्ण राज्यसत्ता परिवर्तन हुन त विद्यमान सामाजिक उत्पादन प्रणाली बदलिन जरुर हुन्छ । आज नेपालको सामाजिक उत्पादन प्रणाली के छ ? यसलाई बुझ्न जरुरी छ । नेपाल आज पनि परम्पागत तथा निर्वाहमुखी पितृसत्तात्मक सामन्ती उत्पादन सम्बन्ध कायम छ , यदि निरीह उत्पादन प्रणालीको जगमा दलाल तथा नोकरशाही पुजीपतिवर्गले सत्ता र राज्यको साधन श्रोत कब्जा जमाएर बसेको छ । अर्थात् संसदीय व्यवसीथाको आडमा यतिबेला सामन्तवर्ग , दलाल पुजीपतिवर्ग र नोकरशाह पुजीपतिवर्ग हावी छ । २०६२/६३ सालको जनआन्दोलन र परिवर्तन पूर्व यो व्यवस्थाको संरक्षकत्वमा राजावादीहरूले आम जनताहरूमाथि शारन गर्ने भने आज बुर्जुवावर्गले गरिरहेको छ ।

राज्यसत्ताको समग्र चरित्रको अवस्थाबाट हेर्दा संसदीय राजतन्त्र र संसदीय गणतन्त्रमा आधारभूत अन्तर देखिँदैन तथापि परम्परागत सामन्ती एकात्मक तथा केन्द्रिकृत राज्य प्रणालीको तुलनामा लोकतान्त्रिक अभ्यासको दृष्टिकोणले वर्तमान संसदीय बुर्जुवा लोकतान्त्रिक गणतन्त्रलाई एक कदम प्रगतिशील व्यवस्था मान्न सकिन्छ । यस अर्थमा मुलुकका अग्रगामी राजनीतिक परिवर्तनका पक्षधर शक्तिहरूले राजतन्त्रको तुलनामा यो बुर्जुवा गणतन्त्रको प्रगतिशील महत्वलाई स्सवीकार गर्ने गर्छन र त्यो आवश्यक पनि छ । तर आजको सवाल वर्तमान बुर्जुवा संसदीय व्यवसलाई सवीकार गर्ने कि नगर्ने भन्ने कुरासङ्ग सम्बन्धित छ । यस विषयमा व्यापक छलफल , अन्तरक्रिया र बहस चल्न आश्यक छ ।

कम्युनिष्टहरू निरन्तर क्रान्तिका पक्षपाती हुन्छन् । पुरानो राज्य प्रणालीका ठाउँमा नयाँ राज्य प्रणाली कायम गर्ने कुरामा प्रयत्नशील भइरहेका हुन्छन् । जड पुरानो राज्य व्यवस्था वा संरचना बदलिएर नयाँ प्रणाली कायम हुन्छ त्यतिबेला पुरानोको तुलनामा नयाँको समर्थन गरे पनि उनीहरू यथास्थितिमा रहँदैनन् । उनीहरू जनताको हातमा सम्पूर्ण राज्य सत्ता (सर्वहारा अधिनायकत्व) स्थापना नभएसम्म निरन्तर सङ्घर्षमा हुन्छन् । तसर्थ कम्युनिष्टहरू वर्ग समन्वयवादी नभएर वर्ग सङ्घर्षमा पक्षपाती हुन्छन् । संसदीय व्यवस्थाप्रति कम्युनिष्टहरूको दृष्टिकोण कस्तो हुन्छ ? यो आम सरोकार र चासोसङ्ग जोडिएको विषय यतिबेला किन पनि भएको छ भने संसदीय व्यवस्था अन्तर्गत यहाँ आफुलाई कम्युनिष्ट बताउनेहरूको दुइ तिहाई बहुमतको सरकार छ ।

दुई तिहाइ बहुमत भनेको त आमरूपमा हेर्दा वर्तमान संविधानलाई परिवर्तन गर्न सक्ने अथवा अर्को संविधान घोषणा गर्नसमेत सक्ने पर्याप्त बहुमत हो । तर यस सम्बन्धि उनीहरूले के गरिरहेका छन् ? उनीहरू संसदीय व्यवस्थाको पक्षपोषण गरिरहेका छन् वा वयसको विकल्पमा त्योभन्दा उत्तम व्यवस्थाकोलागि पहलकदम ? अर्थात् उनीहरू यथास्थितिवादमा रमाइरहेका छन् कि अग्रगामी राजनीतिक परिवर्तनको पक्षमा अगाडि बढिरहेका छन् । यसको बारेमा बहस चल्न अनिवार्य भएको छ ।

यस सन्दर्भमा संसदीय व्यवस्था भनेको के हो ? यसको आधारभूत चरित्र कस्तो हुन्छ । यसले कुन र्वको प्रतिनिधित्व गर्छ ? यस सम्बन्धी ध्यान पुर्‍याउन जरुरी हुन्छ । यो व्यवस्थाप्रति सच्चा मालेमावादी कम्युनिष्ट क्रान्तिकारीहरूको भूमिका र दृष्टिकोण कस्तो हुन्छ ? भन्ने विषयको बहसले विष्यावस्तुलाई ठिक ठाउँबाट निष्कर्ष निकाल्न मद्दत पुर्‍याउँछ ।

सर्वप्रथम संसदीय व्यवस्था भनेको पश्चिमा मन्त्रिपरिषदीय प्रणाली हो । यो कुनै समाजवादी साम्यवादी प्रणाली नभएर पुजीवादी व्यवस्था हो । त्यस अर्थमा दुनियाभरिका सच्चा मालेमावादी कम्युनिष्ट क्रान्तिकारीहरूले यो व्यवस्थालाई पूर्णरूपमा अस्वीकार गर्दै यसको विकल्पकोरूपमा अझ नेपालको सन्दर्भमा भन्नु पर्छ मजदुर किसान एकतामा आधारित जनताको जनवादी व्यवस्था हुँदै समाजवादी तथा साम्यवादी व्यवस्थाको पक्षपाती हुन्छन् । यो व्यवस्थाको अन्त्य गरी जनवादी व्यवस्था स्थापना गर्नको निमित्त सङ्घर्षको प्रक्रियामा अगाडि बढ्छन् ।

दोश्रो कुरा संसदीय प्रणाली कुनै लोकतान्त्रिक प्रणाली नभएर एकप्रकारको निरङ्कुश , अप्रजातान्त्रिक र अलोकतान्त्रिक प्रणाली हो । यो व्यवस्थामा सार्वभौमसत्ता जनतामा नभएर संसद्मा निहित हुन्छ । तसर्थ जनताको मत पाएको प्राविधिक जगमा मुट्ठीभर मान्छेटेले सार्वभौमसत्ताको दुरूपयोग गरेर जनतामाथि शासन गर्छन , शोषण गर्छन र स्वयं जनतालाई उत्पीडनको शिकार बनाउँछन् । राज्यको नीति निर्माण निण ‍य प्रक्रिया र कार्यान्वयनको तहमा जनताको अधिकार शून्य हुन्छ । मुट्ठीभर मान्छेको स्वार्थ केन्द्रीत एकाधिकारमा जनताको हवाला दिएर यो व्यवस्थामा शासन गरिन्छ । यसको उदाहरण नेपाल लगायत संसारभरिका संसदीय व्यवस्था भएका मुलुकरुलाई हेरे प्रष्ट हुन्छ ।

तेश्रो कुरा संसदीय व्यवस्थामा अल्पसङ्ख्यकबद्ध संस्थाले बहुसङ्ख्यक अल्पससंस्थालाई शासन र्छ । उदाहरणकोलागि नेपालको कुनै एक भूभागमा चुनाव हुन्छ । बहुदली प्रतिष्पर्धा अनुसार ५ जना उम्मेदवार हुन्छन् । कुल मतसङ्ख्या ९० हुन्छ भने त्यो मत ५ जना प्रतिष्पर्धीमा बाँडिदा मानिलिउँ क नाम गरेको उम्मेदवारले २३ मत ल्याउँछ , ख नामकोले २२ मत पाउँछ , ग नाकोले १८ मत पाउँछ । त्यसैगरी घ नामको उम्मेदवारले ७ मत प्राप्त गर्छ र २ मत बदर हुन्छ ।

संसदीय व्यवस्थामा बढी मत ल्याउने उम्मेदवार विजृता हुने हुँदा यहाँ ९० मत मध्ये क नाम गरेको उम्मेदवार २९ मत पैाप्त गरी विजयी बन्दछ र बाँकी ६१ मत माथि त्यो आल्पमतले शासन गर्छ । तसर्थ यो बढ मतीय प्रणाली वा संसदीय व्यवस्था भनेको बहुदलीय प्रतिष्पर्धाको नाममा बहुमतलाई बिभाजित गरेर "फुटाउ र शासन गर "भन्ने पश्चिमा साम्राज्यवादीहरूले जबर्जस्त थोपरिदिएका निरङ्कुश अलोकतान्त्रिक शासन प्रणाली हो । सारमा भन्नुपर्दा पुजीवादी व्यवस्थाभित्रका मुट्ठीभर मान्छेको स्वार्थ रक्ष ागर्ने राजनीतिक प्रणाली हो ।

राजतन्त्रात्मक संसदीय व्यवस्थाको तुलनामा बुर्जुवा गणतन्त्रात्मक संसदीय व्यवस्थालाई प्रगतिशील व्यवस्थाको रूपमा स्वीकार गरेपनि कम्युनिष्टहरू संसदीय व्यवस्थाका विरोधी नै हुन्छन् । उनीहरूले अगैगामी राजनीतिक परिवर्तनको उद्देश्यमा आधारित भइ यो व्यवस्थाको विरुद्धमा चल्ने सबैखाले आन्दोलन , सङ्घर्ष , विद्रोह वा वयुद्धलाई साथ सहयोग र समर्थन गर्दछन् । उनीहरूको यो चरित्र समतामूलक वैज्ञानिक साम्यवादी समाज स्थापना नहुँदासम्म निरन्तर चलिरहन्छ । तर यतिबेला देशमा संसदीय व्यवस्था र त्यो अनकूलताको संविधान जारी भएको छ । देश हत्या , हिंसा अपहरण बलात्कारलगायतका अपराधपूर्ण कार्यले आक्रान्त भएको छ । दण्डहीनताले सीमा नाघेको छ । राष्ट्रियता इतिहासमै सबैभन्दा कमजोर र जटिल मोडमा पुगेको छ । राज्यआतङ्क सीमारहित छ । संसदीय व्यवस्थाको आडमा राजनीतिक भ्रष्टाचारले अकल्पनीय जरा गाडेको छ । संविधानमै उल्लेख भएका जनताको गाँस बसास कपास शिक्षा स्वास्थ्य




## क्रान्तिकारी...

छन् । साथै, उनीहरूले देशको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डताको रक्षा गर्न नसकेको भन्दै ओली सरकारको लम्पसारवादी चरित्रको पनि घोर भर्त्सना गरेका छन् । र, नक्सा सच्याई कालापानी क्षेत्र नेपालको कायम गराउन अविलम्ब कुटनीतिक पहल थाल्न पनि सरकारसित जोडदार माग गरेका छन् । उनीहरूले जारी स्वाधीनताको आन्दोलनप्रति ऐक्यबद्धता समेत जाहेर गरेका छन् ।

यसरी संयुक्त वक्तव्य जारी गर्नेहरूमा नेपाल राष्ट्रिय प्राध्यापक संगठनका अध्यक्ष प्रा.डा. जगदीशचन्द्र भण्डारी, राष्ट्रिय क्रान्तिकारी बुद्धिजीवी मञ्च, नेपालका अध्यक्ष हुकुमबहादुर सिंह, अखिल नेपाल जनसाँस्कृतिक महासंघका महासचिव तथा इच्छुक साँस्कृतिक प्रतिष्ठानका अध्यक्ष हिरामणि दुःखी, क्रान्तिकारी पत्रकार महासंघका अध्यक्ष इन्द्र राउत, अखिल नेपाल लेखक संघका अध्यक्ष मित्रलाल पंज्ञानी, अखिल नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष विजयरत्न बज्राचार्य रहेका छन् ।

***यस्तो छ वक्तव्यको पूर्णपाठः***

'भारत सरकारद्वारा हालै सार्वजनिक गरिएको नयाँ नक्सामा पहिलेदेखि अतिक्रमण गर्दै आएको नेपालको लिम्पियाधुरादेखि लिपुलेकसम्मको समग्र कालापानी क्षेत्रमा पर्ने भूभागलाई भारतमा गाभिएको घटनाको हामी घोर विरोध एवम् तीव्र भर्त्सना गर्दछौं । र, भारतीय विस्तारवादी हस्तक्षेपका विरुद्धमा देशैभर भइरहेका विरोधका कार्यक्रमप्रति ऐक्यबद्धता जाहेर गर्दछौं ।

हामीले यसलाई नेपालको राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता र भौगोलिक अखण्डतामाथि गरिएको नाङ्गो अतिक्रमण र हस्तक्षेपको रूपमा लिएका छौं । भारतीय विस्तारवादले गरेको यो अतिक्रमण र हस्तक्षेपको आ-आफ्नो ठाउँबाट कडा प्रतिरोधमा उत्रन सम्पूर्ण प्रगतिशील तथा क्रान्तिकारी लेखक, साहित्यकार, बुद्धिजीवी, पत्रकार, प्राध्यापक, शिक्षक, कलाकारलगायत सच्चा देशभक्त आम जनसमुदायलाई हार्दिक अपिल समेत गर्दछौं । साथै, देशको सार्वभौमिकता तथा भौगोलिक अखण्डताको रक्षा गर्न नसक्ने ओली सरकारको लम्पसारवादी चरित्रको कडा शब्दमा निन्दा एवम् भर्त्सना गर्दै अविलम्ब भारतीय नक्सा सच्याई कालापानी क्षेत्र नेपालको कायम गराउन कुटनीतिक प्रक्रिया थाल्न जोडदार माग गर्दछौं । अन्यथा, ओली सरकारले ठूलो मूल्य चुकाउनु पर्ने परिस्थिति सिर्जना हुने पनि चेतावनी दिन चाहन्छौं ।'

## क्रान्तिकारी विद्यार्थीले...

अखिल क्रान्तिकारी र गोपाल किराती नेतृत्वको नेकपा (माके) निकट अखिल (क्रान्तिकारी)ले बागबजारमा बिहीबार मोदीको पुत्ला दहन गरेका छन् । सो क्रममा उनीहरूले भारतीय विस्तारवाद-मूर्दावाद लगायत 'गो ब्याक इण्डिया'को नारा घन्काएका थिए ।

यसैबीच क्रान्तिकारी माओवादी, नेकपा विप्लव, माओवादी केन्द्र, समाजवादी पार्टी निकटका विद्यार्थी संगठनहरूको आव्हानमा दूताबास घेर्ने कार्यक्रमको आयोजना गरिएको हो ।

## प्रहरी...

नेपाल सरकारको विरुद्धमा चर्को नारा जुलुससहित नारायणगढको पुल्चोकबाट सुरु भएको जुलुस लायन्सचोकमा पुगेर नरेन्द्र मोदीको पुत्ला दहन गर्दै समापन भएको थियो ।'

जुलुस शुरु हुनुभन्दा पहिला सडकको विरोध प्रदर्शनको सुभारम्भ गर्दै नेकपा क्रान्तिकारी माओवादीका केन्द्रीय सदस्य एवं चितवन जिल्ला ईन्चार्ज घननाथ सापकोटाले केपी ओली नेतृत्वको नालायक र दलाल राष्ट्रघाती सरकार भारतले नेपाली भुमिमाथि नाङ्गो हस्तक्षेप गर्दा पनि मुखमा ताला ठोकेर बसेको आरोप लगाउँदै राष्ट्र संकटमा परेको बेला नेपाली जनता एकताब भई स्वाधीनताको लडाइँमा सहभागी हुनुपर्ने विचार व्यक्त गरेका थिए । देजमो जिल्ला सचिव मोदनाथ मरहट्टाद्वारा संचालित उक्त कार्यक्रम पश्चात नाराजुलुससहितको विरोध प्रदर्शन लायन्स चोकमा आई सभामा परिणत भएको थियो ।

सभालाई पार्टी जिल्ला सेक्रेटरी अशोक शर्माले सम्बोधन गरेका थिए । सेक्रेटरी शर्माले देशभक्तिपूर्ण कार्यक्रममा प्रहरी हस्तक्षेप अस्वीकार्य रहेको बताउदै लड्ने नै भए देशभक्तहरूसंग नभएर सिमनामा गएर नेपाली सार्वभौमसत्ता जोगाउन चेतावनी दिए । देशको सार्वभौमसत्ताको रक्षा वर्तमान केपी ओली नेतृत्वको सरकारले गर्न नसक्ने भएकाले नेकपा क्रान्तिकारी माओवादी सडकमा आर्लिएको बताउदै स्वाधीनताको लाडाइँमा हातेमालो गर्न सम्पूर्ण देशभक्त र क्रान्तिकारी जनसमुदायलाई नेता शर्माले अपिल समेत गरे । कार्यक्रममा देजमो चितवनका अध्यक्ष बाबुराम प्यासीले दलाल सत्ताको अन्त्य अवश्मभावी छ भन्दै क्रान्तिकारी आन्दोलनको एउटै झिल्कोले संसदीय व्यवस्थाको अन्त्य हुने ठोकुवा गरे ।

विरोध प्रदर्शनको क्रममा कालापानी लिपुलेक लिम्पियाधुरा हाम्रो हो, भारतीय विस्तारवाद मुर्दावाद, राष्ट्रिय स्वाधीनताको रक्षा गरौं, दलाल संसदीय व्यवस्था मुरदावाद, नयाँ जनवादी क्रान्ति जिन्दावाद, नेकपा क्रान्तिकारी माओवादी जिन्दावाद लगायतका नाराहरू लगाउदै अन्त्यमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पुत्ला दहन गरी विरोध कार्यक्रमको समापन गरिएको थियो ।

## राष्ट्रिय...

(क्रान्तिकारी माओवादी) सम्बद्ध देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले शुक्रबार कणाली प्रदेशको सुर्खेतको विरेन्द्रनगरमा बिरोध र्‍यालीसहित कोणसभा सम्पन्न गरेको छ ।

मोर्चाको विरोध र्‍याली गणेशचोक, नेताचोक बुद्दपथ चोक हुँदै बजार परिक्रमा गरी विरेन्द्रचोकमा पुगेर कोणसभामा परिणत भएको थियो । कोणसभालाई पार्टीका कर्णाली प्रदेश इन्चार्ज तथा मोर्चाका केन्द्रीय सचिवालय सदस्य चक्रपाणी शर्माले सम्बोधन गरेका थिए । नेता शर्माले राष्ट्रिय स्वाधीनताका लागि रगतको खोलो बगाउन पनि आफूहरू तयार रहेको बताएका थिए । उनले देशै रहने किन नहरने भन्ने स्थितिमा व्यक्ति तथा दलविशेष भन्दा पनि सिङ्गो देश राष्ट्रिय स्वाधीनताका लागि भारतीय विस्तारवादका विरुद्ध सम्पूर्ण स्वाभिमानी जनता एकताबद्ध भएर अगाडि बढ्नु पर्ने बताए ।

नेता शर्माले भने, 'राष्ट्रियता गम्भीर संकटमा छ, आफ्नो स्वाभिमान गुमाउने अवस्थामा नेपाल पुगेको छ, राष्ट्रियता बिरुद्ध भएको नाङ्गो हस्तक्षेपका विरुद्ध देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल रगतको खोलो बगाउन तयार छ ।' कार्यक्रममा पार्टी तथा मोर्चाका नेता कार्यकर्ताहरूको उल्लेख्य उपस्थिति रहेको थियो ।

## भारतीय...

लगाएका थिए ।

यसरी दूताबास घेराउ गर्न जानेमा क्रान्तिकारी माओवादी निकट अखिल क्रान्तिकारी , नेकपा विप्लव, नेकपा (माके), समाजवादी पार्टी निकट विद्यार्थी संगठनहरू रहेको अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेलले बताए । उनले भने, 'भारतीय विस्तारवादी हस्तक्षेपका विरुद्ध क्रान्तिकारी विद्यार्थीहरूको आन्दोलन जारी रहने छ ।'


## कर्णाली माध्यामिक विद्यालय

टीकापुर-७, सत्ती कैलाली

### हाजिर हुन आउने बारेको सूचना

साविक दोदोधारा गाविस वार्ड नं. ६ कुम्भिया हाल सुदूरपश्चिम प्रदेश कैलाली जिल्ला बर्दगोरिया गाउँपालिका वार्ड नं. ५ कुम्भिया बस्ने यस विद्यालयमा कार्यरत प्राथमिक तह तृतीय श्रेणी स्थायी शिक्षक तपाई श्री अमर बहादुर बम (दृष्टिविहीन अपाङ्ग) विगत शैक्षिक सत्रदेखि बिना सूचना विद्यालयमा लगातार अनुपस्थित रहेकाले तपाईलाई प्रचलित शिक्षा ऐन, नियमावली अनुसार पदमुक्त गर्नु नपर्ने कारण र प्रमाणसहित यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र विद्यालयमा हाजिर हुन आउन यो सूचना प्रकाशित गरिएको छ । अन्यथा नियमानुसार भैजाने व्यहोरा समेत सूचित गरिन्छ ।

## यी जनपक्षीय मिडियाहरू खोजी खोजी पढौं !

- www.moolbato.com
- www.daunnenews.com
- www.isthaniyapatra.com
- www.navadristi.com
- www.hamrokalapani.com
- www.hamroonline.com
- www.newsabhiyan.com
- वर्गदृष्टि साप्ताहिक
- दाउन्ने साप्ताहिक
- स्थानीयपत्र साप्ताहिक
- छापामार साप्ताहिक
- नयाँ कोशी मासिक
- दायित्वबोध त्रैमासिक





**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५११३४८३०, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।